नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

● वर्ष ४ ● अंक २२७ ● २०८३ साल असार २१ गते आइतबार ● Sunday 05, July 2026 ● सूर्योदय: बिहान ०५:१६ बजे ● सूर्यास्त: साँझ ०७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## संविधान संशोधनको प्रतिवेदन असार मसान्तभित्रै

**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार एवं संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक असिम शाहले असार मसान्तभित्र प्रधानमन्त्रीसमक्ष प्रतिवेदन बुझाउने तयारी भइरहेको जानकारी दिएका छन् ।
वर्तमान सरकार गठनको १०० दिनमा सम्पादन भएका प्रमुख उपलब्धि सार्वजनिक गर्न शनिबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उनले कार्यदलले आफ्नो काम गरिरहको बताए !
शाहले भने, ‘असार मसान्तभित्र प्रधानमन्त्रीसमक्ष प्रतिवेदन बुझाउने तयारीमा कार्यदल रहेको छ । कार्यदलले विभिन्न सरोकार निकाय, संविधानविद्, राजनीतिक दलसँग छलफल गरिरहेको छ । अब प्रतिवेदन लेखनको अवस्थामा आइपुगेका छौँ ।’

# सशस्त्रको कडाइले भारतीय पर्यटक निरास
# ठोरीको पर्यटन संकटमा


ठोरी छोटी भन्सार

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय सवारी साधन नेपाल प्रवेशमा भन्सार कडाइ गरिएपछि पर्साको ठोरी गाउँपालिकाको पर्याटकीय क्षेत्रमा प्रत्यक्ष असर देखिएको छ । मधेश प्रदेशको एकमात्रै पर्यटकीय क्षेत्र घोषित ठोरीको मुख्य पर्यटक भारतीय हुन्। भारतीयमा पनि रात नबिताई फर्कने अर्थात आफ्नै सवारी साधनमा बिहान आएर बेलुका फर्कने अधिक छन् । पर्सास्थित सशस्त्र प्रहरी सीमा सुरक्षा बलले बितेको शुक्रबारदेखि भारतीय सवारी नेपाल प्रवेशमा भन्सार पुर्जी अनिवार्य गरेको छ । तत्काल सुरुवात मात्रै गरिएको भए पनि जिल्लाका सबै नाकामा कडाई गरिने सशस्त्र प्रहरी बल १३ गण हेडक्वार्टर वीरगंजले जनाएको छ। सामान्य अवस्थमा सरदर एकसय वटा भारतीय चारपाङ्ग्रे सवारी ठोरी प्रवेश गर्ने गरेको सशस्त्र बिओपी ठोरीको तथ्यांक छ । त्यसैगरी दुइपाङ्ग्रे सवारी मोटरसाइकल, स्कुटीको संख्या दुईसयदेखि चार सयको आसपासमा छन् । सीमावर्ती भारतीय क्षेत्रका नागरिक कुनै पनि उत्सव मनाउन परिवारसहित ठोरी आउने क्रम बढेको थियो। ठोरीमा सस्तादेखि महंगासम्म विभिन्न स्तरका होटल तथा फास्टफुड सञ्चालनमा आएपछि आन्तुकलाई सजिलो भएको हो। यसअघि भन्सारविना नै नेपाल प्रवेश गरिरहेका भारतीय सवारी भन्सार चिट काट्न पर्ने भएपछि नेपाल प्रवेशमा कठिनाइ भइरहेको छ। पर्सामा मुख्य भन्सार कार्यालय वीरगंजले मात्रै यातायातको भन्सार पुर्जी दिइरहेका छन्। ठोरी र भिष्वा छोटी भन्सार विस्थापित नगरिएको भए पनि सरकारले नाकामा भन्सार कर्मचारी पठाएको छैन । जेन्जी आन्दोलन भन्दा पहिलेको सरकारले भारतीय सवारीका लागि ठोरी भन्सारबाटै भन्सार चिट दिने व्यवस्था गरेको थियो । त्यो सुविधा लामो समयसम्म रहन सकेन । बिहान नेपाल प्रवेश गरेर साँझ फर्कने वा दिनभरमा फर्कने भारतीय सवारीका लागि नेपालमा भन्सार शुल्क लाग्दैन तर उसले निःशुल्क पास भने लिनु पर्ने व्यवस्था छ । ठोरी जान चाहने सीमावर्ती क्षेत्रका भातीय वीरगंज आएर पुर्जी काटेर ठोरी जाने हो भने दिन यसै बित्छ र दूरीको हिसाबले त्यो व्यावहारिक पनि छैन । जिल्लाका सबै नाकामा कडाइ गरिने र भन्सार चिट लिएर मात्रै भारतीय सवारीलाई नेपाल प्रवेश गर्न दिइने सशस्त्र प्रहरी १३ नं. गण हेडक्वार्टर वीरगंजका प्रवक्ता सशस्त्र प्रहरी नायाव उपरीक्षक मोहनराज निरौलाले बताए । कानुन अनुसार सीमा सुरक्षा व्यवस्था कडाई गर्दै पूर्ण रुपमा प्रणालीगत हिसाबमा लैजाने प्रकृयामा सीमा सुरक्षा बल लागेको प्रवक्ता निरौलाको भनाई छ । भारतीय नम्बर प्लेटका चारपाङ्ग्रे सवारीसाधनको नेपाल प्रवेशमा शुक्रबारदेखि अचानक रोक लगाएसँगै यहाँको पर्यटन, व्यापार तथा स्थानीय जनजीवनमा गम्भीर असर परेको छ। सीमा सुरक्षा बल (बीओपी) ठोरीले जिल्ला कमान्डको निर्देशन भन्दै भन्सार प्रक्रिया पूरा नगरी नेपाल प्रवेश गर्न खोजेका भारतीय सवारीसाधनलाई सीमाबाटै फिर्ता पठाउन थालेपछि नेपाल भ्रमणको उत्साह बोकेर आएका भारतीय पर्यटक निराश हुँदै भारतको भिखना ठोरीबाटै फर्किन बाध्य छन् । वर्षौंदेखि ठोरी नाका भारतीय पर्यटकका लागि सहज प्रवेशद्वारका रूपमा परिचित थियो। दैनिक जसो भारतीय पर्यटक यही नाकाबाट नेपाल प्रवेश गरी ठोरीको प्राकृतिक सौन्दर्य, धार्मिक स्थल, वन्यजन्तु, ग्रामीण पर्यटन तथा विभिन्न पर्यटकीय गन्तव्यको अवलोकन गर्दै स्थानीय होटल, रेष्टुरेन्ट, पसल तथा यातायात व्यवसायलाई चलायमान बनाउँदै आएका थिए। ठोरीमा भन्सार कार्यालय चालु रहेको भए भारतीय पर्यटकले सहज रूपमा राजस्व तिरेर नेपाल प्रवेश गर्नसक्ने थिए। सरकारलाई राजस्व पनि प्राप्त हुने थियो र पर्यटक पनि फर्किनुपर्ने अवस्था आउने थिएन। तर राज्यको बेवास्ताका कारण अहिले न सरकारले राजस्व पाएको छ, न स्थानीयले पर्यटक, न त पर्यटकले नेपाल भ्रमणको अवसर नै। भन्सार कार्यालय बन्द भएपछि स्थानीय सरकार, राजनीतिक दल, उद्योगी–व्यवसायी, पर्यटनकर्मी तथा नागरिक समाजले पटक–पटक सरकारको ध्यानाकर्षण गराए पनि ठोस पहल हुननसकेको ठोरीबासीको गुनासो छ । स्थानीय तथा पर्यटन व्यवसायीले भन्सार कार्यालय तत्काल पुनः सञ्चालन गरी भारतीय पर्यटकका लागि कानुनी र सहज प्रवेशको व्यवस्था गर्न सरकारसँग जोडदार माग गरेका छन्। उनीहरूको भनाइमा भन्सार कार्यालय सञ्चालन हुनु केवल प्रशासनिक आवश्यकता मात्र होइन, ठोरीको पर्यटन, व्यापार, रोजगारी र समग्र आर्थिक समृद्धिसँग प्रत्यक्ष जोडिएको विषय हो । ठोरी प्रकृतिक तथा भौगोलिनक रुपमा पनि विशेष गरी बिहारका बासिन्दाका लागि आकर्षक गन्तव्य हो । यहाँ प्राकृतिक पानीको मूल, खोलामा बगिरहेका कञ्चन पानी, ससाना थुम्को पहाड, वन जंगल र देवालयका साथै ठोरीमा उपलब्ध हुने चिनियाँ सामान र अन्नको घरेलु मदिरा पनि आकर्षण हो । यसले ठोरीबासीको जीविकोपार्जनमा सकारात्मक टेवा पुग्नुका साथै भारतीय मुद्रा आर्जन भइ मुलुकको अर्थतन्त्रमा सहयोग पुगिरहेको छ। सम्भावनाका ढोका खोज्नु र खोल्नु पर्नेमा खुलिसकेका ढोका बन्द गर्न नहुने ठोरीबासीको मत छ । यसका निम्ति हिजो पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार र केपी शर्मा ओली नेतृत्वको सरकारका पालामा जस्तै ठोरी भन्सारबाटै भारतीय सवारीलाई भन्सार पुर्जी दिने व्यवस्था गरिनु पर्छ । त्यसका निम्ति स्थानीय सरकार र संघीय सरकारका स्थानीय प्रतिनिधिले पहल गर्नु पर्ने स्थानीयको माग छ ।


सशस्त्र बिओपीले रोकेको भारतीय मोटरसाइकल


ठोरी प्रवेशविन्दु ठोरी पुल, पष्ठ भूमिमा हवाइट हिल

# ठोरी भन्सार सञ्चालन हुन्छः शाक्य



पर्साको यस क्षेत्रका सांसद टेकबहादुर शाक्य (अन्जान)ले सहकर्मी संस्था रेडियो वीरगंजसँग कुरा गर्दै ठोरी भन्सार सञ्चालन गर्न आफूले पहल गर्ने बताए।
नेपाल–भारत सीमा क्षेत्रका छोटी भन्सार नाका कटौती हुने क्रममा ठोरी र भिष्वा छोटी भन्सार आफ्नै पहलमा कायम राख्न सफल भएको स्मरण गराउँदै सांसद शाक्यले ठोरी भन्सारमा कर्मचारी खटाउने र भारतीय सवारीका लागि ठोरी भन्सारबाटै भन्सार चिट दिने व्यवस्थाका लागि अर्थ मन्त्रलयसँग छलफल गरिने बताए।

# घरटहरा हटाउने अभियानविरुद्ध दुई समूहको आन्दोलन



**मधेशदृष्टि**
**वीरगंज।**
त्रिभुवन राजपथअन्तर्गत वीरगंजको मुख्य सडक विस्तार गर्ने सरकारी कदमविरुद्ध स्थानीय घरधनी तथा व्यापारीहरू पुनः आन्दोलनमा उत्रिएका छन् । ‘वीरगंज बचाउ संघर्ष समिति’ र ‘वीरगंज युवा तथा व्यापारी सडक पीडित संघर्ष समिति’को अगुवाइमा शनिबार बिहानै वीरगंजका विभिन्न चोकहरूमा टायर बालेर विरोध प्रदर्शन गरिएको हो।
सडक डिभिजन कार्यालय हेटौँडा र वीरगंज महानगरपालिकाले सडक सीमाभित्र रहेका संरचनाहरू हटाउन डोजर चलाएपछि आक्रोशित बनेका स्थानीयले मुख्य चोक तथा बजार क्षेत्रमा ‘डोजर आतंक बन्द गर’ लगायतका नाराबाजी गर्दै प्रदर्शन गरेका छन्। प्रदर्शनकालीहरूले मुख्य सडकको दायाँ–बायाँ २५ मिटर सडक सीमा कायम गर्ने निर्णयको विरोध गर्दै सडकको सीमा १५–१५ मिटर मात्रै कायम गर्नुपर्ने, घरजग्गाको उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने तथा प्रभावित नागरिकका मागप्रति राज्यले संवेदनशील हुनुपर्ने माग गरेका छन्।
प्रदर्शनक्रममा उनीहरूले टायर बालेर नाराबाजी गर्दै नगर परिक्रमा गरेका थिए । स्थानीयको विरोध पछि भने आज डोजर चलेन। सडक डिभिजन कार्यालय हेटौँडाका अनुसार संरचना हटाउने क्रममा स्थानीयले अवरोध सिर्जना गरेपछि उत्पन्न विवादका कारण डोजर अभियान तत्कालका लागि रोकिएको हो।
गण्डक चोकदेखि मुर्ली, घण्टाघर, माईस्थान, आदर्शनगर हुँदै मितेरी पुलसम्मको मुख्य सडकलाई दायाँ–बायाँ २५–२५ मिटर फराकिलो बनाउने सडक विभागको निर्णयविरुद्ध स्थानीयले विगत तीन दशकदेखि कानुनी संघर्ष गर्दै आएका छन्। पछिल्लो पटक सर्वोच्च अदालतले सडक विभागको पक्षमा फैसला गरे पछि विभागले सडक सीमाबाट अतिक्रमण हटाउन सुरु गरेको हो। २०८२ फागुनमा सर्वोच्च अदालतले सडक विस्तार रोक्न माग गर्दै दायर गरिएका रिट निवेदन खारेज गरेपछि सडक डिभिजन कार्यालयलाई अतिक्रमण हटाउने प्रक्रिया अघि बढाउने कानुनी बाटो खुलेको थियो। त्यसपछि असारको सुरुवातमै सडक डिभिजन कार्यालयले सडक सीमाभित्र रहेका संरचनाहरू हटाउन अन्तिम चेतावनीसहित सूचना जारी गर्दै डोजर परिचालन गरेको थियो।
शुक्रबार गण्डक क्षेत्रमा स्थानीयको कडा विरोधका कारण केही समय सडक विस्तारको काम प्रभावित भएको थियो।
वीरगंज बचाउ संघर्ष समितिका संयोजक जवाहरप्रसाद गुप्ताले उचित सूचना, मुआब्जा र वैकल्पिक व्यवस्थाबिना नागरिकको उठीबास लगाउने प्रयास गरिएकाले आन्दोलनमा उत्रिन बाध्य भएको बताए । वडा अध्यक्षसमेत रहेका गुप्ताका अनुसार सडक विस्तार भएमा मुख्य बजार क्षेत्रमा रहेका एक हजार एक सयभन्दा बढी घरधनी प्रत्यक्ष प्रभावित हुनेछन् भने हजारौँ साना तथा ठूला व्यवसायीको रोजीरोटी संकटमा पर्नेछ।
संयोजक गुप्ताले बाइपास र इनर बाइपास सडक निर्माण भइसकेको अवस्थामा व्यापारिक केन्द्रलाई विस्थापित गर्ने गरी सडक विस्तार गर्नु आवश्यक नभएको तर्क गरेका छन् । प्रदर्शनकारीहरूले घण्टाघर–माईस्थान क्षेत्रमा सडक सीमांकनसम्बन्धी अन्योल अझै कायम रहेको दाबी गर्दै बल प्रयोग गरेर संरचना हटाउने कार्य तत्काल रोक्न माग गरेका छन्। उनीहरूले प्रभावित घरधनी तथा व्यवसायीका लागि उचित मुआब्जा वा वैकल्पिक व्यवस्थाको स्पष्ट खाका सार्वजनिक नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिएका छन्।
यता, स्थानीय प्रशासन र वीरगंज महानगरपालिकाले भने सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नु आफ्नो कानुनी दायित्व भएको बताएका छन् । वीरगंजको मुख्य सडकलाई व्यवस्थित र फराकिलो बनाउन सडक विस्तार अपरिहार्य रहेको जनाउँदै सम्बन्धित निकायले सडक सीमाभित्र रहेका संरचना खाली गर्न आग्रह गरेको छ। सडक विस्तार कार्यलाई लक्षित गर्दै वीरगंजका विभिन्न क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ।





घाँसको भारी बोकेर घरतर्फ जाँदैः वीरेन्द्रनगर नगरपालिका– १ सुर्खेत कोलडाँडाका महिलाहरु वस्तुभाउका लागि जङ्गलबाट घाँसको भारी बोकेर घरतर्फ जाँदै । तस्बिरः रासस

# जेन्जी आन्दोलनका घाइते र शहीद परिवारलाई एकीकृत राहत

**काठमाडौं।**
सरकारले जेन्जी आन्दोलनका घाइते तथा शहीद परिवारको राहत, औषधोपचार, रोजगारीलगायत विषय समेटेर एकीकृत प्याकेज घोषणा गरेको जनाएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा गठित सरकारले १०० दिनमा सम्पादन गरेका प्रमुख उपलब्धि सम्बन्धमा सरकारका प्रवक्ता सस्मित पोखरेलले जारी गरेको विवरणमा जेन्जीहरूको विषयमा सम्पर्क बिन्दु तथा कल्याणकारी कार्य गर्न जेन्जी कल्याणकारी परिषद् गठनसम्बन्धी कार्यविधि तयार गरिएको उल्लेख छ।

यसअवधिमा ५ सय १३ जना जेन्जी घाइतेलाई वर्गीकरणका आधारमा अतिगम्भीरलाई मासिक १८ हजार रुपैयाँ, गम्भीरलाई मासिक नौ हजार रुपैयाँ र मध्यमलाई मासिक चार हजार रुपैयाँका दरले प्रदान गरिँदै आएको भत्तालाई निरन्तरता दिइएको छ।

हाल व्यक्ति बसोबास गरिरहेको स्थानीय तहबाट नै घटना दर्ता गर्न सकिने गरी प्रणाली अद्यावधिक गर्ने कार्य भइरहेको, आमाको नागरिकताबाट प्राप्त नागरिकताको हकमा समेत राष्ट्रिय परिचयपत्र जारी गर्न सकिने व्यवस्था मिलाइएको र दोहोरो नागरिकताको हकमा जिल्ला प्रशासन कार्यालयबाट नै राष्ट्रिय परिचयपत्र अद्यावधिक गर्न सकिने गरी सेवा सञ्चालन गरिएको विवरणमा उल्लेख छ।

यसैगरी, अध्यागमन विभागले विद्युतीय टाइम कार्डमार्फत् सेवा प्रवाहको अनलाइन ट्र्याकिङ शुरुआत गरिएको, विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई विपद् खोज उद्धार सामग्री खरिद गर्न रु नौ करोड दुई लाख ३० हजार बजेट व्यवस्थापन गरिएको छ।

राष्ट्रिय विपद् जोखिम तथा व्यवस्थापन प्राधिकरणमा विपद् कमान्ड पोष्ट÷सिचुएसन रूम स्थापना र सञ्चालन भएको, निजी क्षेत्रसँग निरन्तर छलफल गरी विपद् प्रतिकार्यमा पूर्वसमझदारीअनुसार सहयोग गर्न ती संस्थाबाट प्रतिबद्धता प्राप्त भएको, विपद् पोर्टलमा देशैभरका हेलिप्याडको भौगोलिक नक्साङ्कनसहित तथ्याङ्क अद्यावधिक गरिएको उल्लेख छ।

भूकम्प पुनर्निर्माणको सहजीकरणका लागि नमुना घरका नक्साहरू स्वीकृत गरी कार्यान्वयन ल्याइएको, प्रदेश र विभिन्न स्थानीय तहबाट प्राप्त निवेदनको आधारमा १ सय ५० जोखिमयुक्त बस्ति तथा संरचनामा पहिरोसम्बन्धी प्रारम्भिक तथा विस्तृत अध्ययन गरी सम्बन्धित निकायमा प्रतिवेदन सिफारिस गरी पठाइएको विवरणमा जनाइएको छ।

यस अवधिमा गृह मन्त्रालयबाट लागु औषध उपचार तथा पुनःस्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि, २०८३, उत्कृष्ट उपचार तथा पुनःस्थापना केन्द्र पुरस्कृत गर्न छनोट गर्नेसम्बन्धी कार्यविधि, २०८३ र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सदाचारिता अनुगमन मापदण्ड, २०८३ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

यस्तै कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि, २०८३, खोज उद्धार टोली गठन तथा परिचालन सम्बन्धी मापदण्ड, २०८२, अत्यधिक गर्मी वा तातो हावाको लहर (लु) र खडेरीका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य कार्ययोजना, २०८३, मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३, पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा, २०८३, विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्थापना अनुदान (दोस्रो संशोधन) कार्यविधि, २०८३ जारी भएका छन्।

जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा मुआब्जा पुनरावलोकनसम्बन्धी कार्यलाई छिटो छरितो रूपमा सम्पन्न गर्न 'फास्ट ट्र्याक मेकानिजम' को खाका तयार गरी कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयहरूमा पठाइएको छ।

नयाँ स्थापना भएका सात वटा इलाका प्रशासन कार्यालयमा मन्त्रालय र मातहत सञ्जालमा रहेको सूचना प्रविधि सञ्जाल विस्तार गरी नागरिकता सूचना व्यवस्थापन प्रणाली लागू गरी विद्युतीय प्रणालीबाट नागरिकता सेवा सञ्चालनको प्रबन्ध मिलाइएको छ।

भ्रष्टाचारसम्बन्धी कसूरमा सर्वोच्च अदालतबाट अन्तिम फैसला भई जफत हुने ठहर भएका जग्गामध्ये १–६–१–१ रोपनी (७०९.४२ वर्ग मिटर) क्षेत्रफल जग्गा गत वैशाख ३ गते कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा कायम भएको छ।

गृह मन्त्रालयअन्तर्गत सुशासन प्रवद्र्धनका लागि विभिन्न माध्यमबाट जनताको गुनासो प्राप्त गर्ने उद्देश्यले 'हेलो गृह कल सेन्टर' सञ्चालनमा ल्याइएको छ। नेपाल प्रहरीमा २४ सै घण्टा गुनासो सुन्ने तथा समाधान गर्न (चौबिसै घण्टा÷सातै दिन गुनासो सुन्ने) कक्षको स्थापना भई हट लाइन नं ११११ सञ्चालनमा ल्याइएको छ।

विद्यालयमा अध्ययनरत विद्यार्थीमा देशप्रेम, जनसेवा र राष्ट्रिय एकताको भावना जगाई नैतिकवान र अनुशासित बनाउनका लागि तालिम दिई स्वयंसेवकका रूपमा राष्ट्र सेवामा आवश्यकताअनुसार खटाउन सक्ने गरी विद्यमान राष्ट्रिय सेवा दल, २०२७ लाई प्रतिस्थापन गरी राष्ट्रिय सेवा दल विधेयक, २०८३ सङ्घीय संसद्मा पेस गरिएको छ।

नेपाली सेनाको भर्ना, छनोट, तालिम, अध्ययन, बढुवालाई थप व्यवस्थित गर्न, विगतको द्वन्द्वमा कर्तव्य पालनाको सिलसिलामा घाइते, अङ्गभङ्ग, घाउ चोटपटकको मूल्याङ्कन गरी निश्चित सेवा सुविधा पाउने तथा शान्ति सेनामा खटिएको अवस्थामा आकस्मिक दुर्घटनामा परी वीरगति प्राप्त गरेका वा अङ्गभङ्ग भई सैनिक सेवामा काम गर्न अशक्त भएमा थप सुविधासहितको व्यवस्था गरी सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत गरिएको विवरणमा उल्लेख छ।

रासस

# ८ नगरप्रहरीविरुद्ध आपराधिक उपद्रव मुद्दा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
निगौल गाई गौशाला व्यवस्थापन कार्यालयका प्रमुख कान्तीकुमारी पाण्डेमाथि हातपात तथा कुटपिट गरेको आरोपमा पक्राउ परेका गौशाला नगरपालिकाका आठ जना नगरप्रहरीविरुद्ध आपराधिक उपद्रव तथा हुलदंगा सम्बन्धी मुद्दा दर्ता गरिएको छ।

महोत्तरी प्रहरीले पाण्डेको जाहेरीका आधारमा बिहीबार साँझ करिब साढे ५ बजे नगरप्रहरीहरूलाई पक्राउ गरेको थियो । जिल्ला अदालत महोत्तरीबाट तीन दिनको म्याद थप गरी घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गेलेले जानकारी दिए।

प्रहरीले लक्ष्मीनारायण चौधरी, जुलेर प्रसाद सिंह, रितु कुमारी, रमेश पासवान, राजेश कुमार महतो, पानबहादुर लामा, अजय कुमार यादव र चन्द्रिका कुमारी चौधरीविरुद्ध मुद्दा दर्ता गरेको जनाएको छ । उता, नगरप्रहरी पक्राउको विरोधमा गौशाला नगरपालिकाका कर्मचारीहरूले नगरपालिका तथा मातहतका सबै कार्यालयको सेवा बन्द गरेका छन्। विरोधस्वरूप नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयहरूको सेवा प्रवाह प्रभावित भएको छ।

नगरपालिकाले जारी गरेको विज्ञप्तिमा प्रहरीले कार्यालय परिसरमा प्रवेश गरी नगरप्रहरीलाई धरपकड शैलीमा पक्राउ गरेको भन्दै आपत्ति जनाएको छ।

साथै हिरासतमा रहेका नगरप्रहरीलाई रिहा नगरेसम्म र नगरपालिका तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीको सुरक्षाको प्रत्याभूति सम्बन्धित निकायबाट नआएसम्म सेवा प्रवाह गर्न नसकिने उल्लेख गरिएको छ।

# गण्डक चेकपोष्टमा नयाँ राष्ट्रिय झण्डा राखियो

**मधेशदृष्टि**
**बारा।**
बारा–पर्सा जोड्ने कलैया–वीरगंज सडकखण्डस्थित गण्डक चेकपोस्टमा च्यातिएको अवस्थामा रहेको राष्ट्रिय झण्डा प्रतिस्थापन गरी नयाँ झण्डा फहराइएको छ। शनिबार युवा समाजसेवी तथा बारा क्षेत्र नं. ४ का प्रतिनिधिसभा प्रत्याशी सञ्जु साहको नेतृत्वमा स्थानीय युवाको सक्रियतामा नयाँ राष्ट्रिय झण्डा स्थापना गरिएको हो । झण्डा स्थापना कार्यक्रममा बोल्दै साहले नेपाल–भारत सीमासँग जोडिएको महत्वपूर्ण नाका गण्डक चेकपोस्टबाट दैनिक रूपमा स्वदेशी तथा विदेशी नागरिकको आवतजावत हुने भएकाले यहाँ फहरिने राष्ट्रिय झण्डाले नेपालको पहिचान, स्वाभिमान र शान्तिको सन्देश प्रवाह गर्ने बताए।

उनले राष्ट्रिय झण्डा देशको एकता, सार्वभौमिकता र राष्ट्रिय पहिचानको प्रतीक भएकाले यसको सम्मान र संरक्षण गर्नु प्रत्येक नागरिकको साझा दायित्व भएको उल्लेख गर्दै लामो समयदेखि च्यातिएको झण्डा देखिएपछि नयाँ झण्डा स्थापना गरिएको जानकारी दिए।

कार्यक्रममा परवानीपुर गाउँपालिका–५ का वडाध्यक्ष रामेश्वर साह कलवार, इलाका प्रहरी कार्यालय प्रसौनीका सुरक्षाकर्मी, स्वच्छ समाज युवा क्लबका पदाधिकारी, स्थानीय समाजसेवी, पत्रकार तथा युवाको सहभागिता रहेको थियो । सहभागीहरूले राष्ट्रिय झण्डाको सम्मान, संरक्षण र गरिमा कायम राख्न सबै नागरिक जिम्मेवार हुनुपर्नेमा जोड दिँदै नयाँ झण्डा स्थापनाले राष्ट्रिय चेतना र गौरव अभिवृद्धि हुने विश्वास व्यक्त गरेका थिए।

# पदाधिकारी नियुक्ति प्रक्रियालाई पारदर्शी बनाइने

**काठमाडौं।**
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले स्वास्थ्य विज्ञान तथा प्रतिष्ठानहरूलाई अझ सबल बनाउने उद्देश्यका साथ सरकारले काम गरिरहेको जानकारी दिँदै ती संस्थामा पदाधिकारी नियुक्ति प्रक्रियालाई पारदर्शी बनाइने बताएकी छन्।



राष्ट्रियसभाको शनिबारको बैठकमा 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने, विधेयक, २०८३ लाई विचार गरियोस्' भन्ने प्रस्ताव पेस गर्दै स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारी नियुक्ति प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धी बनाइने बताइन् । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री मेहताले प्रस्तुत गरेको प्रस्तावलाई सभाले सर्वसम्मतिले स्वीकृत गरेको छ । त्यसअघि सांसदहरु रेणु चन्द, वासुदेव घिमिरे, मीना सिंह धर्मेन्द्र पासवान, विष्णुबहादुर विश्वकर्मा, सोमनाथ पोर्तेलले विधेयकका सैद्धान्तिक पक्षमा आफ्ना धारणा प्रस्तुत गरेका थिए।

# बस दुर्घटनामा ९ जना घाइते

**मधेशदृष्टि**
**वीरगंज।**
जनकपुरबाट पोखरा जाँदै गरेको ना ६ ख ७४५७ को यात्रुवाहक बस हेटौँडामा दुर्घटना हुँदा ९ जना घाइते भएका छन्। हेटौँडा–वीरगंज सडक खण्डको हेटौँडा उपमहानगरपालिका वडा नं १५ को रातोमाटे चेक प्वाइन्ट नजिकै बस दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार दुर्घटनामा परेका यात्रुहरूलाई स्थानीय र प्रहरीले उद्धार गरेका छन्। गम्भीर घाइते नौ जनालाई उपचारको लागि हेटौँडा अस्पताल पुऱ्याइएको छ। बसमा ३०–३५ जना यात्रुहरू सवार रहेको र अन्य यात्रुहरू सामान्य रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए । बस चालक धनुषाको जनकपुर उपमहापालिका ८ बस्ने वर्ष ५० को धनीराम विश्वकर्मालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# मुलुकलाई एफएटिएको 'ग्रे लिस्ट'बाट हटाउन सरकार प्रतिबद्ध छ



**काठमाडौं।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकार मुलुकलाई फाइनान्सिएल एक्सन टास्क फोर्स (एफएटिए)को 'ग्रे लिस्ट'बाट हटाउन प्रतिबद्धताका साथ लागेको बताएका छन्।

राष्ट्रियसभाको शनिबारको बैठकमा 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव गर्दै उनले मुलुकलाई सूचीबाट बाहिर निकाल्नका लागि सबैको पूर्ण सहयोग आवश्यक भएको बताए। उनले सो सम्बन्धमा नेपालले सम्बोधन गर्नुपर्ने सबै विषयलाई कार्यतालिकासहित प्रभावकारी अगाडि बढाउने समेत उल्लेख गरे।

एफएटिएले दिएका सुझाव कार्यान्वयन नभएको अवस्थामा नेपाल कालो सूचीमा पर्ने सम्भावना रहेकाले यसको गम्भीर्यतालाई ख्याल गरी सहयोग गरिदिन अर्थमन्त्री डा. वाग्लेले आग्रह गरे । वर्तमान सरकार गठन भएपछि एफएटिएले दिएका सुझावलाई पूर्ण रुपमा कार्यान्वयन गराउन आफूहरु लागिपरेको उनको कथन थियो।

नेपाल २०८१ साल फागुनदेखि 'ग्रे लिस्ट'मा छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको प्रस्तावलाई सभाको बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ।

त्यसअघि बैठकमा सांसदहरुले सम्पत्ति शुद्धीकरणका विषयमा थप प्रष्ट व्याख्यासहित विधेयकका विभिन्न व्यवस्थालाई थप समृद्ध बनाउनुपर्नेमा जोड दिएका थिए । विधेयकलाई सम्बन्धित समितिमा पठाए छलफल गरी सबैको साझा मत बनाउनुपर्ने उनहरुको भनाइ थियो । यसरी धारणा राख्ने सांसदहरुमा सुरेश आलेमगर, रामकुमारी झाँक्री, विष्णुकुमारी सापकोटा, रोशनी मेचे, सोमनाथ पोर्तेल थिए।

# विपदजन्य घटनामा १२७ को मृत्यु, ७७३ घाइते

**काठमाडौं।**
यसवर्ष सुरु भएपछि (वैशाख १ देखि १९ गतेसम्म) विपदजन्य घटनामा १ सय २७ नागरिकले ज्यान गुमाएका छन्।

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार सो अवधिमा भएका कुल दुई हजार ७ सय २१ विपदजन्य घटनामा १ सय २७ को मृत्यु भएको तथा ७७३ जना घाइते भएका छन्।

ती विपदमा तीन हजार ७ सय २२ परिवार प्रभावित भएको पनि प्राधिकरणले शनिबार सार्वजनिक गरेको विपद बुलेटिनमा उल्लेख छ।

सबैभन्दा बढी सर्पदंशका ३ सय ९८ घटनामा परेर २३ जनाको मृत्यु भएको छ भने ३ सय ७५ जना घाइते भएका छन्।

यस्तै लेक लागेका ५४ घटनामा २१ जनाको मृत्यु र ३४ जना घाइते तथा चट्याङका २ सय ५ घटनामा १९ जनाको मृत्यु र ९८ जना घाइते भएका छन्।

यस्तै सबैभन्दा बढी घटना भने आगलागीका भएका छन् । आगलागीका ८ सय ३० घटनामा १७ जनाको मृत्यु भएको छ भने १ सय जना घाइते भएका छन्।

जनावरको आक्रमणका १ सय ४७ घटनामा १४ को मृत्यु र ८२ जना घाइते भएका छन् । हावाहुरीका ४ सय ७४ घटना भएका र ती घटनामा परेर १३ जनाको मृत्यु तथा ६७ जना घाइते भएका पनि प्राधिकरणले जानकारी दिएको छ।

यस्तै बाढी, पहिरो, भारी वर्षा, डुङ्गा पल्टिए, वन डढेलो तथा हिउँ पहिरोमा परेर मानवीय क्षति भएको पनि प्राधिकरणले जानकारी दिएको छ।

प्रवक्ता महतका अनुसार पछिल्लो २४ घण्टामा मात्रै विभिन्न २७ जिल्लामा ३१ वटा विपदका घटना भएको र ती विपदमा परेर छ जनाको मृत्यु भएको तथा १५ जना घाइते भएका छन्।

# भोजपुरी संस्कृति विषयक वक्तृत्वकला

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल भोजपुरी समाजको आयोजनामा वीरगंजस्थित चिल्ड्रेन माविमा भोजपुरी संस्कृति विषयक वक्तृत्वकला तथा मौलिक गीत प्रतियोगिता भएको छ।

नेपाल भोजपुरी समाजका अध्यक्ष ध्रुवसिंह ठकुरीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विभिन्न कक्षाका विद्यार्थीहरूले उत्साहजनक सहभागिता जनाएका थिए । प्रतियोगितामा कक्षा ७ का विद्यार्थी सुशान्त मण्डल मौलिक गीत प्रतियोगितामा प्रथम भएका छन् भने कक्षा ८ की स्नेहा साह वक्तृत्वकला प्रतियोगितामा प्रथम हुन सफल भएकी छन् । प्रतियोगिताको निर्णायकमा स्थानीय कलाकार तथा भोजपुरी गायक अजमतअलि अन्सारी थिए। यसैबीच, भोजपुरी शब्दकला विषयक रोमाञ्चक प्रतियोगितामा पनि अधिकांश विद्यार्थीहरूको उल्लेखनीय सहभागितामा सम्पन्न भएको नेपाल भोजपुरी समाजका सल्लाहकार मनोजकुमार मिश्रले जानकारी दिए। उनले यस्ता कार्यक्रमले नयाँ पुस्तामा भोजपुरी भाषा र संस्कृतिप्रति अपनत्व बढाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । कार्यक्रम चिल्ड्रेन माविका सञ्चालक तथा प्रधानाध्यापक सुमन दास र सिम्रन दासको संयुक्त अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रम शिक्षिका रोशनी साह, मुस्कान अग्रवाल र शिक्षक नरेन्द्र चौरसियाको सहजीकरणमा भएको थियो।

# बर्ड फ्लुको भ्रममा नपर्न महानगरको आग्रह

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले बर्ड फ्लुको संक्रमणसँग सम्बन्धित भ्रामक समाचार र अफवाहप्रति विश्वास नगर्न नगरवासीलाई आग्रह गरेको छ । सामाजिक सञ्जाल तथा केही सञ्चार माध्यममा बर्ड फ्लु देखिएपछि कुखुराको मासु र अण्डा सेवन गर्न नहुने भन्ने भ्रमपूर्ण सूचना फैलिएको भन्दै महानगरले त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

महानगरपालिकाको पशु सेवा शाखाले शुक्रबार जारी गरेको सूचनामा वैज्ञानिक तथ्य र विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को सिफारिसअनुसार राम्रोसँग पकाइएको कुखुराको मासु र अण्डा पूर्ण रूपमा सुरक्षित, पौष्टिक तथा स्वास्थ्यका लागि लाभदायक हुने उल्लेख गरिएको छ । महानगरले कुखुराको मासु तथा अण्डा प्रयोग गर्दा सरसफाइमा विशेष ध्यान दिन, पर्याप्त तापक्रममा राम्रोसँग पकाएर मात्रै सेवन गर्न तथा यस विषयमा आधिकारिक निकायबाट जारी हुने सूचना र निर्देशनमा मात्रै विश्वास गर्न सबै नगरवासीसँग अनुरोध गरेको छ।

पशु सेवा शाखाले बर्ड फ्लुसम्बन्धी अपुष्ट सूचना र अफवाह फैलाएर अनावश्यक त्रास सिर्जना नगर्न पनि आग्रह गरेको छ।

# असार २४ गते दुर्गा प्रसाईं बारा आउने



**मधेशदृष्टि**
**बारा ।**
बैंक, लघुवित्त, मिटरब्याज तथा सहकारीसम्बन्धी समस्यामा परेका पीडितको गुनासो सुनुवाइ तथा समाधानको माग गर्दै असार २४ गते बारा जिल्लामा कार्यक्रम आयोजना गरिने भएको छ ।
आयोजकका अनुसार, कार्यक्रम बारा जिल्ला प्रशासन कार्यालय अगाडि दिउँसो १ बजे सुरु हुनेछ । कार्यक्रममा अभियन्ता दुर्गा प्रसाईं र धवल शमशेर सहभागी हुने जानकारी दिइएको छ ।
सोही अवसरमा पीडितहरूको माग समेटिएको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारीलाई बुझाउने कार्यक्रम पनि तय गरिएको आयोजकले जनाएको छ ।
आयोजकले बैंक, लघुवित्त, मिटरब्याज तथा सहकारीसम्बन्धी समस्याबाट प्रभावित व्यक्तिहरूलाई कार्यक्रममा उपस्थित हुन अनुरोध गरेको छ ।

# 'सहकारीलाई उत्पादन, रोजगारी र आत्मनिर्भरताको आधार बनाउनुपर्ने'

**महेन्द्रनगर ।**
मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले सहकारी क्षेत्रलाई उत्पादन, रोजगारी सिर्जना र आर्थिक आत्मनिर्भरताको प्रमुख आधारका रूपमा विकास गर्नुपर्ने बताएका छन् ।
१०४औँ अन्तरराष्ट्रिय सहकारी दिवस तथा ३२औँ संयुक्त राष्ट्रसङ्घीय अन्तरराष्ट्रिय सहकारी दिवसका अवसरमा शनिबार जनकपुरधाममा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले सहकारी आन्दोलनलाई बचत तथा ऋणको सीमित दायराभन्दा माथि उठाएर कृषि, उद्योग, उद्यमशीलता र स्वरोजगार प्रवद्र्धनसँग जोड्न आवश्यक रहेको बताए ।
सभामुख यादवले सहकारीका मूल्यमान्यता, पारदर्शिता, सुशासन र सदस्यहरूको सक्रिय सहभागितामार्फत मात्रै




सहकारीप्रति नागरिकको विश्वास अझ मजबुत बन्न सक्ने उल्लेख गरे ।
उनले सहकारी संस्थाहरूले ग्रामीण अर्थतन्त्र सुदृढ बनाउन, कृषकको आय वृद्धि गर्न तथा सामाजिक र आर्थिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको भन्दै तीनै तहका सरकारबीच समन्वय गरी सहकारी क्षेत्रलाई थप प्रभावकारी बनाइनुपर्ने विचार व्यक्त गरे ।
कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव सञ्जयकुमार यादवले मधेश प्रदेश सरकारले सहकारी क्षेत्रको संस्थागत विकास, क्षमता अभिवृद्धि तथा उत्पादनमुखी कार्यक्रमलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको जानकारी दिए ।
उनले सहकारी संस्थालाई आधुनिक कृषि, कृषि प्रशोधन, बजार व्यवस्थापन तथा उद्यम विकाससँग आबद्ध गर्दै आर्थिक समृद्धिको अभियानमा सहभागी गराइने बताए । सहकारी रजिस्ट्रार रुपेश साहले सहकारी संस्थाहरूलाई कानुन, वित्तीय अनुशासन र सुशासनको दायराभित्र सञ्चालन गर्नुपर्नेमा जोड दिए ।
श्रम तथा यातायात मन्त्रालयका वरिष्ठ उपसचिव धनञ्जयकुमार सिंहले सहकारीले स्वरोजगार सिर्जना, सीप विकास तथा साना उद्यम प्रवद्र्धनमा महत्वपूर्ण योगदान पु¥याउँदै आएको बताए । सहकारी र श्रम क्षेत्रबीचको समन्वयबाट युवालाई रोजगारी तथा उद्यमशीलतातर्फ आकर्षित गर्न सकिने उनको भनाइ थियो ।
जिल्ला सहकारी संघका अध्यक्ष ध्रुबनारायण यादवले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै सहकारीको अन्तर्राष्ट्रिय अभियानले दिगो विकास, सामाजिक न्याय, समावेशी आर्थिक वृद्धि तथा सामुदायिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुर्‍याएको बताए ।

# बल्ल १५ प्रतिशत पुग्यो रोपाइँ



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा असारको तेस्रो सातासम्म कुल धान खेतीयोग्य क्षेत्रमध्ये १४.७३ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ । कृषि विकास निर्देशनालय मधेश प्रदेशका अनुसार असार १९ गतेसम्म ३ लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये ५९ हजार ८९५.०६ हेक्टरमा धान रोपाइँ सकिएको हो ।
तथ्यांकअनुसार सबैभन्दा बढी रोपाइँ सिरहामा र सबैभन्दा कम सर्लाहीमा भएको छ । सिरहामा ५४ हजार हेक्टरमध्ये २५ प्रतिशत अर्थात् १३ हजार ५०० हेक्टरमा रोपाइँ सम्पन्न भएको छ भने सप्तरीमा ६८ हजार हेक्टरमध्ये २४ प्रतिशत अर्थात् १६ हजार ३२० हेक्टरमा रोपाइँ सकिएको छ ।
धनुषामा ४३ हजार ७०० हेक्टरमध्ये १५ प्रतिशत (६ हजार ५५५ हेक्टर) क्षेत्रमा रोपाइँ भएको छ । त्यस्तै बारामा १३ प्रतिशत (५ हजार ८६३ हेक्टर), महोत्तरीमा १२.३७ प्रतिशत (४ हजार ९४८ हेक्टर) तथा पर्सामा १२ प्रतिशत (६ हजार ४७२.५६ हेक्टर) क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ ।
रौतहटमा ८.५ प्रतिशत अर्थात् ३ हजार २७२.५६ हेक्टर क्षेत्रमा रोपाइँ भएको छ भने सर्लाहीमा सबैभन्दा कम ८ प्रतिशत अर्थात् ३ हजार ४१५ हेक्टर क्षेत्रमा मात्र धान रोपाइँ सम्पन्न भएको छ ।
निर्देशनालयका अनुसार मधेश प्रदेशमा कुल ५ लाख ५२ हजार ७४५.५ हेक्टर खेतीयोग्य जमिनमध्ये ३ लाख ८५ हजार ९३३ हेक्टरमा प्रत्येक वर्ष धान खेती हुने गरेको छ । बागवानी विकास अधिकृत किरण विश्वकर्माले मनसुन सक्रिय भएसँगै रोपाइँले गति लिन थालेको बताउँदै आगामी दिनमा नियमित वर्षा भए रोपाइँ अझ तीव्र हुने अपेक्षा गरिएको जानकारी दिए । पर्याप्त वर्षा भएका क्षेत्रमा किसानहरू खेत तयारी र रोपाइँमा व्यस्त छन् भने वर्षा कम भएका जिल्लामा किसान आकाशे पानीको प्रतीक्षामा छन् ।

# धनुषाका विभिन्न होटल कारबाहीको दायरामा

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेश सरकारले होटल तथा रेस्टुरेन्टमा खाद्य सुरक्षाको अवस्था सुधार गर्ने उद्देश्यले सञ्चालन गरेको बजार अनुगमन अभियानअन्तर्गत धनुषाका विभिन्न होटलमाथि कारबाही गरेको छ । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय धनुषा र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामको संयुक्त टोलीले १० वटा होटलमा अनुगमन गरेको हो।
अनुगमनका क्रममा उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने गरी अखाद्य तथा म्याद गुज्रिएका खाद्य सामग्री प्रयोग गरिएको, सरसफाइमा गम्भीर लापरबाही गरिएको तथा खाद्य सुरक्षासम्बन्धी मापदण्ड उल्लंघन भएको भेटिएपछि सम्बन्धित होटल सञ्चालकमाथि आर्थिक जरिवाना गरिएको छ।
धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी तथा बजार निरीक्षक कृष्ण गैह्रेका अनुसार लक्ष्मीनियास्थित बाबाको ढाबालाई ३५ हजार रुपैयाँ, बाजेको सेकुवालाई ७५ हजार रुपैयाँ, रोयल सम्राट होटललाई ५ हजार रुपैयाँ तथा बर्गर हाउसलाई ३५ हजार रुपैयाँ जरिवाना गरिएको छ।
कसुरको प्रकृतिअनुसार थप कानुनी प्रक्रिया पनि अघि बढाइएको उनले जानकारी दिए।
अनुगमनपछि गृहमन्त्री महतोले उपभोक्ताको स्वास्थ्यसँग कुनै पनि हालतमा खेलबाड नगर्न होटल व्यवसायीलाई चेतावनी दिए। उनले बाध्यता वा रहरले होटलमा भोजन गर्न पुग्ने नागरिकलाई गुणस्तरीय, स्वच्छ र सुरक्षित खाना उपलब्ध गराउनु व्यवसायीको दायित्व भएको उल्लेख गर्दै नियमविपरीत कार्य गर्ने होटलमाथि कारबाहीलाई निरन्तरता दिइने बताए।
उनका अनुसार पूर्व–पश्चिम महेन्द्र राजमार्गअन्तर्गत मिथिला नगरपालिकाको लालगढ र ढल्केवर क्षेत्रबाट सुरु गरिएको होटल अनुगमन अभियान अब मधेश प्रदेशका अन्य जिल्लामा पनि विस्तार गरिनेछ । होटलमा गुणस्तरहीन खाद्य सामग्री प्रयोग गर्ने व्यवसायीमाथि कारबाही सुरु भएपछि स्थानीय उपभोक्ताले अभियानको स्वागत गरेका छन्।
नियमित अनुगमनले खाद्यजन्य जोखिम न्यूनीकरण, उपभोक्ता अधिकार संरक्षण तथा होटल व्यवसायलाई थप जिम्मेवार र व्यवस्थित बनाउन सहयोग पुग्ने विश्वास उनीहरूले व्यक्त गरेका छन् । यद्यपि, केही स्थानीयले अभियानलाई निरन्तर र प्रभावकारी रूपमा सञ्चालन गर्न सरकारसँग आग्रह गरेका छन् । केही दिनअघि जनकपुरधाममा सुरु गरिएको अतिक्रमण हटाउने अभियान प्रभावहीन बनेको उदाहरण दिंदै उनीहरूले होटल अनुगमन पनि सुरुआतमै सीमित नभई नियमित हुनुपर्ने बताएका छन्।
जनकपुरधाम उपमहानगरपालिका–४ का सर्वनाथ झाले खाद्य सुरक्षा सुनिश्चित गर्न नियमित, निष्पक्ष र प्रभावकारी अनुगमन आवश्यक रहेको बताए । युवा नागरिक समाजका अगुवा सरोजकुमार मिश्राले पनि गृहमन्त्री महतोले सुरु गरेको अभियान सकारात्मक भएको उल्लेख गर्दै सम्बन्धित निकायले यसको निरन्तरता सुनिश्चित गर्नुपर्ने धारणा राखेकाछन।

# फरार कैदी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सर्लाही घर भई काठमाडौँको जगन्नाथदेवलस्थित केन्द्रीय कारागारबाट फरार भएका डाँका चोरी मुद्दाका कैदीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सर्लाहीको हरिवन नगरपालिका–१ निवासी रमन भनिने २६ वर्षीय रामलाल योन्जन छन् । उनी डाँका चोरी मुद्दामा अदालतबाट दोषी ठहर भई कैद सजाय भुक्तान गरिरहेका थिए । प्रहरीका अनुसार योन्जन २०८२ साल भदौ २४ गते भएको जेनजी आन्दोलनका क्रममा केन्द्रीय कारागारबाट फरार भएका थिए । फरार भएपछि उनी लामो समयदेखि प्रहरीको खोजी सूचीमा थिए । विशेष सूचनाका आधारमा पक्राउ परेका योन्जनलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पुनः केन्द्रीय कारागार पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

# नारायणी अस्पतालमा सुलभ औषधि पसल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नारायणी अस्पतालमा सहुलियत दरमा गुणस्तरीय औषधि उपलब्ध गराउने उद्देश्यले सुलभ फार्मेसी सञ्चालनमा आएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताको निर्देशनअनुसार नारायणी अस्पतालमा सुलभ फार्मेसी सेवा सुरु गरिएको हो ।
नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीअन्तर्गत सरकारी अस्पतालहरूमा सुलभ फार्मेसी सञ्चालन तथा विस्तार गर्ने कार्यक्रम कार्यान्वयनका क्रममा नारायणी अस्पतालमा यो सेवा सुरु गरिएको मन्त्रालयले जनाएको छ ।
मन्त्रालयका अनुसार सुलभ फार्मेसीमार्फत अस्पतालमा उपचारका लागि आउने बिरामीले आवश्यक औषधि बजार मूल्यभन्दा सहुलियत दरमा अस्पताल परिसरबाटै सहज रूपमा प्राप्त गर्न सक्नेछन् ।
यसबाट बिरामीको उपचार खर्च घट्नुका साथै गुणस्तरीय औषधिमा सर्वसाधारणको पहुँच विस्तार हुने विश्वास गरिएको छ । सरकारले स्वास्थ्य सेवामा नागरिकको पहुँच सहज, सुलभ र प्रभावकारी बनाउने उद्देश्यका साथ सरकारी अस्पतालहरूमा सुलभ फार्मेसी विस्तार अभियानलाई अघि बढाएको जनाएको छ ।
यसैबीच, नारायणी अस्पतालमा अत्याधुनिक क्याथ ल्याब मेसिन जडान गर्ने कार्य पनि सुरु भएको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जानकारी दिएको छ । क्याथ ल्याब सञ्चालनमा आएपछि मुटुरोगसम्बन्धी परीक्षण तथा उपचार सेवा अझ प्रभावकारी र सहज हुने अपेक्षा गरिएको छ ।
मन्त्रालयले स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा आधुनिक स्वास्थ्य सेवा विस्तारलाई प्राथमिकतामा राख्दै आवश्यक पूर्वाधार विकास र सेवा विस्तारका कार्यक्रमलाई निरन्तर अघि बढाइने जनाएको छ ।

# ३० दिनमा ५८ जना कारबाहीमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका विभिन्न जिल्लामा प्रहरीले सञ्चालन गरेको लागुऔषध नियन्त्रण अभियान अन्तर्गत २० दिनमा ५८ जना पक्राउ परेका छन् ।
मधेश प्रदेश प्रहरी कार्यालयले शनिबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार असार १ गतेदेखि २० गतेसम्मको अवधिमा उनीहरू पक्राउ परेका हुन् । अभियानका क्रममा सप्तरीबाट तीन जना, सिरहाबाट १५ जना, धनुषाबाट १० जना, महोत्तरीबाट नौ जना, सर्लाहीबाट तीन जना, रौतहटबाट दुई जना, बाराबाट पाँच जना र पर्साबाट ११ जना पक्राउ परेका छन् ।
पक्राउ पर्नेहरूसँगै ठुलो परिमाणमा गाँजा, ब्राउन सुगर (खैरो हिरोइन) तथा विभिन्न प्रकारका लागुऔषधजन्य ट्याब्लेटसमेत बरामद गरिएको प्रहरीले जनाएको छ । प्रहरीले पक्राउ परेका सबै व्यक्तिमाथि लागुऔषध सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको जनाएको छ । लागुऔषध नियन्त्रणका लागि विशेष अभियानलाई आगामी दिनमा अझ प्रभावकारी र सशक्त बनाइने मधेश प्रदेश प्रहरी कार्यालयले उल्लेख गरेको छ ।

# विद्यार्थीका लागि निःशुल्क तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिका–७ रघुनाथपुरमा विद्यार्थीहरूका लागि एकदिने निःशुल्क प्राथमिक उपचार तथा सिपिआर तालिम सम्पन्न भएको छ ।
रघुनाथपुर सामुदायिक भवनमा आयोजित तालिममा कक्षा १०, ११, १२ साथै स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता थियो । सहभागितहरूलाई मुख्य प्रशिक्षक डा. चन्द्रभूषण सिंहले आपत्कालीन अवस्थामा अपनाउनुपर्ने प्राथमिक उपचार, सिपिआरको सही विधि तथा जीवनरक्षका उपायहरूबारे सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षण दिएका थिए ।
प्रशिक्षक सिंहले समयमै सही प्राथमिक उपचार गर्न सके धेरैको ज्यान बचाउन सकिने भएकाले यस्ता सीप सबै नागरिकका लागि आवश्यक रहेको बताए । तालिममा अचानक हृदयघात वा श्वासप्रश्वास बन्द भएको अवस्थामा गरिने सिपिआरको अभ्यास, सर्पदंशपछि अपनाउनुपर्ने प्राथमिक उपचार तथा त्यससम्बन्धी भ्रमहरूको निराकरणका विषयमा जानकारी दिइएको थियो ।
साथै नेपाल सरकारद्वारा सञ्चालनमा रहेका सामाजिक सुरक्षा कोष, मातृसुरक्षा कार्यक्रम र स्वास्थ्य बीमा कार्यक्रमलगायत स्वास्थ्य सेवाबारे पनि विद्यार्थीहरूलाई सचेत गराइएको थियो । स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा सामाजिक अभियन्ता बुद्धिराज पौडेल, कविराज अर्याल, जोखु मियाँ, विकेश राय थारु र शत्रुधन चौधरीलगायतको सहभागिता थियो । सहभागीहरूले यस्ता तालिमले विद्यार्थीहरूमा सामाजिक उत्तरदायित्वको भावना विकास हुनुका साथै विपद् तथा आपत्कालीन अवस्थामा तत्काल सहयोग गर्न सक्ने क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गरे । आयोजकका अनुसार यस्ता प्राविधिक तथा व्यावहारिक तालिमले युवाहरूमा आत्मविश्वास बढाउनुका साथै दुर्घटना वा स्वास्थ्य आपत्कालीन अवस्थाहरूमा जीवन बचाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

# स्वामी विवेकानन्दको पुण्यतिथि मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत विकास परिषद्, रक्सौल शाखाले स्वामी विवेकानन्दको १२४ औं पुण्यतिथि शनिबार श्रद्धा र सम्मानका साथ मनाएको छ ।
रक्सौल लक्ष्मीपुरको महाराजा बैंक्वेट हलमा आयोजित कार्यक्रममा स्वामी विवेकानन्दको तश्विरमा फूल चढाएर श्रद्धाञ्जली अर्पण गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै शाखा अध्यक्ष रजनीश प्रियदर्शीले स्वामी विवेकानन्द भारतको आध्यात्मिक चेतना, सांस्कृतिक गौरव र राष्ट्रवादको अमर प्रतीक भएको बताए ।
भारत र भारतीय संस्कृतिलाई आफ्नो शक्तिशाली विचारहरू मार्फत सम्पूर्ण विश्वमा चिनाउन स्वामि विवेकानन्दको योगदान अतुलनीय रहेको भन्दै अध्यक्ष प्रियदर्शीले यदि भारतलाई विश्व नेताको रूपमा पुनः स्थापित गर्ने हो भने, प्रत्येक युवाले स्वामी विवेकानन्दको आदर्श, अनुशासन, चरित्र, आत्मविश्वास र राष्ट्रिय सेवाको भावनालाई आत्मसात गर्नुपर्ने बताए ।
शाखा सचिव नरेश कुमार र सेवा संयोजक तथा मिडिया इन्चार्ज बिमल कुमार सर्राफले स्वामी विवेकानन्दको सम्पूर्ण जीवन युवाहरूका लागि प्रेरणाको अक्षय स्रोत रहेको बताए । उनका विचारहरूले राष्ट्र निर्माणलाई निरन्तर मार्गदर्शन गरिरहेको र प्रत्येक युवाले उनको मार्गमा हिंड्ने प्रतिज्ञा गर्नुपर्ने धारणा प्रकट गर्नुभयो । कार्यक्रममा विकास परिषदका संस्कार संयोजक नितेश कुमार सिंह, सम्पर्क संयोजक उमेश सिकरिया र संगठन सचिव अजय कुमारलेले श्रद्धाञ्जली मन्तव्य प्रकट गरेका थिए ।

## सम्पादकीय

# ठूला ग्यास सिलिन्डरको अवैध कारोबार र सुरक्षामाथि प्रश्न

हालै वीरगंजका ग्यास व्यवसायीहरूले ५० र ४५० केजीका ठूला ग्यास सिलिन्डर भित्र्याएको र यस विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसँग भेट गरेको भन्ने खबरले जनमानसमा गम्भीर चासो र चिन्ता उत्पन्न गरेको छ। नेपाल आयल निगमले १४.२ केजीभन्दा ठूला ग्यास सिलिन्डरलाई अवैध घोषणा गरिसकेको अवस्थामा यस्ता ठूला सिलिन्डरको प्रयोग र त्यसका लागि राजनीतिक लबिङ हुनु सुरक्षाका दृष्टिकोणले अत्यन्तै जोखिमपूर्ण छ।

नेपालमा ग्यास सिलिन्डरको प्रयोग र वितरणका लागि स्पष्ट मापदण्डहरू छन्। सामान्यतया, घरायसी प्रयोगका लागि १४.२ केजीका सिलिन्डरहरू मात्रै स्वीकृत छन्। ५ किलो र १९ किलोका सिलिन्डरहरूको अनुमति नभएको अवस्थामा, ५० र ४५० केजीका सिलिन्डरहरू बजारमा ल्याउने प्रयास गर्नु सिधै कानुनको उल्लंघन हो। सार्वजनिक लेखा समितिले पनि ५० केजी र ४५० केजीका ग्यास सिलिन्डरको बिक्री वितरणमा रोक लगाउन सरकारलाई निर्देशन दिइसकेको छ। यस्ता ठूला सिलिन्डरहरू व्यावसायिक वा औद्योगिक प्रयोजनका लागि भए पनि, तिनको भण्डारण, ढुवानी र प्रयोगमा उच्च सुरक्षा मापदण्ड अपनाउनुपर्छ, जुन घनाबस्ती भएका सहरहरूमा कायम गर्न असम्भवप्रायः हुन्छ।

ग्यास सिलिन्डर विस्फोटका घटनाहरू नेपालमा नौलो होइनन्। ग्यास चुहावट वा अन्य प्राविधिक कारणले हुने आगलागी र विस्फोटले ठूलो जनधनको क्षति पुर्‍याउन सक्छ। सहरका साँघुरा गल्लीहरू र अव्यवस्थित बसोबास भएका क्षेत्रहरूमा यस्ता 'डरलाग्दा सिलिन्डर बम' राख्न अनुमति दिनु भनेको जनताको जीवनलाई जोखिममा पार्नु हो। सुरक्षा मापदण्डको पालना नगरी ठूला सिलिन्डरको प्रयोगले कुनै पनि बेला ठूलो दुर्घटना निम्त्याउन सक्छ।

यस्तो संवेदनशील विषयमा वीरगंजका व्यवसायीहरूले राजनीतिक नेतृत्वसँग भेटेर आफ्ना माग राख्नुले गलत नजिर स्थापित गर्छ। यदि कुनै मापदण्ड परिवर्तन गर्नुपर्ने भए, त्यो सुरक्षा, प्राविधिक पक्ष र जनस्वास्थ्यलाई ध्यानमा राखेर कानुनसम्मत प्रक्रियाबाट हुनुपर्छ, न कि व्यक्तिगत वा व्यावसायिक स्वार्थका लागि राजनीतिक दबाबमार्फत। राजनीतिक नेतृत्वले पनि यस्ता विषयमा जनसुरक्षालाई सर्वोपरि ठान्नुपर्छ र कानुनको पालना सुनिश्चित गर्नुपर्छ।

नेपाल आयल निगम र अन्य नियामक निकायहरूले ग्यास सिलिन्डरको मापदण्ड कडाइका साथ लागू गर्नुपर्छ। अवैध रूपमा भित्र्याइएका वा प्रयोग गरिएका ठूला सिलिन्डरहरू तत्काल जफत गरी दोषीमाथि कारबाही गर्नुपर्छ। जनसुरक्षासँग जोडिएको यस्तो विषयमा कुनै पनि किसिमको सम्झौता स्वीकार्य हुन सक्दैन। सरकारले कानुन बनाएको छैन, मापदण्ड बनाएको छ भन्ने तर्क आफैंमा विरोधाभासपूर्ण छ, किनकि मापदण्ड पनि कानुनकै अंग हुन् र तिनको पालना अनिवार्य हुन्छ।

अन्ततः, वीरगंजका ग्यास व्यवसायीहरूको यो कदम र त्यसलाई राजनीतिक संरक्षण खोज्ने प्रयास दुवै गलत छन्। जनसुरक्षालाई बेवास्ता गरी गरिने कुनै पनि व्यावसायिक गतिविधि र त्यसलाई प्रोत्साहन गर्ने राजनीतिक हस्तक्षेप निन्दनीय छ। यस विषयमा सरकार र सम्बन्धित निकायहरूले तत्काल कदम चाली जनसुरक्षा सुनिश्चित गर्नुपर्छ।

# सुदृढ सुरक्षा सङ्गठन र मजबुत आन्तरिक सुरक्षा प्राथमिकतामा

**–अशोक घिमिरे/रासस**

सरकारले सुरक्षा सङ्गठनको सुदृढीकरण गर्दै आन्तरिक सुरक्षालाई मबजुत बनाउने अभियानलाई उच्च प्राथमिकता दिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा गठित सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको आधुनिकीकरण र प्रविधिले युक्त बनाउन विभिन्न योजना अघि बढाएको हो।

२०८२ भदौ २३ र २४ गतेको जेन्जी प्रदर्शनका क्रममा भएका घटनाका कारण कमजोर बनेको सुरक्षाकर्मीको मनोबल अभिवृद्धि गर्दै सेवासुविधा वृद्धिमा सरकारका प्रयास केन्द्रित छन्। आगामी आर्थिक वर्षको बजेट वक्तव्यमार्फत सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरीको अवकाशको सेवा अवधि र निवृत्तभरण सुरु हुने अवधिका बीचमा रहेको विद्यमान अन्तर पुनरावलोकन गर्ने उद्घोष गरेको छ।

सशस्त्र प्रहरी बललाई अन्तरराष्ट्रिय सीमा सुरक्षाको 'डेडिकेटेड' व्यावसायिक फोर्सका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। प्रहरीको पोसाक खरिदमा हुँदै आएको आर्थिक अनियमिता र न्यून गुणस्तरणको समस्या अन्त्य गर्न पोसाकबापतको रकम व्यक्तिगत रूपमा दिने सम्बन्धमा सरकारले बहस अघि बढाएको छ। यसबारेमा गृहमन्त्री सुधन गुरुङले यससम्बन्धमा प्रतिनिधिसभा बैठकमा स्पष्ट पारिसकेका छन्।

विनियोजन विधेयक, २०८३ अन्तर्गत गृह मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै गृहमन्त्री गुरुङले भनेका थिए, 'प्रहरीको पोसाकमा खर्चँदै आइएको रकम प्रहरीलाई लै दिएर उनहरूले आफैँ खरिद गर्ने भन्ने मन्त्रालयको योजना छ, ताकी कुनै पनि बिचौलियाले यसमा चलखेल गर्न नसकुन्।'

पूर्वप्रहरी नायब महानिरीक्षक हेमन्त मल्ल ठकुरीले प्रहरी सङ्गठनमा लगानी वृद्धिलाई सरकारले उच्च प्राथमिकता दिनुपर्ने बताए। पछिल्लो समय आपराधको प्रवृत्ति परिवर्तन भइरहेको सन्दर्भमा प्रहरी सङ्गठनलाई तालिम, स्रोतसाधन र प्रविधिले सुसम्पन्न बनाउनुपर्ने आवश्यकता उनले औँल्याए।

'प्रहरीको जिम्मेवारी बढ्दै गइरहेको छ, गृहको बजेट कटौतीको कुरा आइरहेको छ,' पूर्वप्रहरी नायब महानिरीक्षक मल्लले राससँग भने, 'सुरक्षा चुनौती बढिरहेको अवस्थामा प्रहरीलाई तालिम–प्रशिक्षण दिएर त्यससँग जुध्नसक्ने बनाउनुपर्छ, लगानी वृद्धि गर्नुपर्छ।'

सरकारको आगामी आवको नीति तथा कार्यक्रममा नेपाल प्रहरीको भौतिक पूर्वाधार, उपकरण र अनुसन्धान क्षमतामा सुधार गर्दै 'फरेन्सिक' तथा सूचना विश्लेषण प्रणाली सुदृढ गरिने उल्लेख छ। राष्ट्रिय अनुसन्धान प्रणालीलाई प्रविधिमैत्री बनाइने र लागुऔषध नियन्त्रण, अन्तरदेशीय अपराध तथा जटिल अपराध न्यूनीकणका लागि आधुनिक प्रविधिको प्रयोग विस्तार गरिने बुँदा नीति कार्यक्रममा समावेश छ।

सशस्त्र प्रहरी बललाई प्रशिक्षित जनशक्ति र पूर्वाधारसहित विशिष्टकृत सुरक्षा बलका रूपमा सुदृढ तथा सीमानाकामा अनुहार पहिचान प्रणाली, एकीकृत सीमा व्यवस्थापन सूचना प्रणाली र स्वचालित निगरानी पूर्वाधार स्थापना गरिने उल्लेख छ।

ड्रोन तथा 'नाइटभिजन' क्यामेरा प्रयोग गरी अवैध गतिविधि नियन्त्रण गरिने सरकारको नीति छ। नेपाली सेनासहित सुरक्षा निकायको बन्दोबस्ती तथा आवश्यक सामग्री स्वदेशमा उत्पादन गर्ने व्यवस्था गरी सुरक्षा क्षेत्रमा बाह्य निर्भरता कम गरिने नीति कार्यक्रममा समावेश छ। सरकारका यी योजनाको कार्यान्वयनबाट सुरक्षा सङ्गठनको कार्यसम्पादनमा प्रभावकारिता वृद्धि भई राष्ट्रिय सुरक्षा मजबुत हुने विश्वास गरिएको छ।

राष्ट्रिय प्रतिरक्षा प्रणालीको आधुनिकीकरण, अपराध अनुसन्धान क्षमताको विस्तार, आर्थिक अपराध नियन्त्रण, लगानी सुरक्षाको प्रत्याभूति तथा सार्वजनिक सेवा प्रवाहमा सुधारका क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ। सुधार अभियानका धेरै कार्यक्रम अझै कार्यान्वयन र प्रक्रियागत चरणमा भए पनि सरकारले सुरक्षा र सुशासनलाई दीर्घकालीन राष्ट्रिय प्राथमिकताका रूपमा स्थापित गर्ने आधार तयार गरेको सुरक्षा क्षेत्रका जानकारहरूको भनाइ छ।

प्रतिरक्षा क्षेत्रमा कानुनी र संस्थागत सुधार

रक्षा क्षेत्रलाई समयानुकूल, प्रभावकारी र उत्तरदायी बनाउने लक्ष्यसहित सरकारले कानुनी, नीतिगत तथा संस्थागत सुधारलाई तीव्रता दिएको छ। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना प्रक्रिया अगाडि बढाइएको छ भने विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधेयक अन्तिम चरणमा पुगेको छ। रक्षा मन्त्रालयका अनुसार विश्वविद्यालय अनुदान आयोग, शिक्षा मन्त्रालय तथा अर्थ मन्त्रालयबाट आवश्यक राय तथा सहमति प्राप्त भइसकेको उक्त विधेयक कानुन मन्त्रालयमा पठाइएको छ। विश्वविद्यालय स्थापना भएपछि राष्ट्रिय सुरक्षा, रणनीतिक अध्ययन तथा प्रतिरक्षा अनुसन्धानका क्षेत्रमा स्वदेशमै उच्चस्तरीय अध्ययन तथा अनुसन्धानको वातावरण तयार हुनेछ।

राष्ट्रिय सेवा दल ऐन, २०२७ लाई प्रतिस्थापन गर्ने नयाँ विधेयक यही असार १६ गते सङ्घीय संसद्मा दर्ता भइसकेको छ। यसले राष्ट्रिय सेवा दलको संरचना, दायित्व तथा सञ्चालन प्रणालीलाई बदलिँदो आवश्यकताअनुरूप पुनःपरिभाषित गर्ने अपेक्षा गरिएको छ।

सैनिक सेवा नियमावली (छैटौँ संशोधन) कार्यान्वयनको चरणमा पुगेको छ भने रक्षा मन्त्रालय तथा मातहतका निकायसँग सम्बन्धित कानुनको पुनरावलोकनसमेत सम्पन्न भएको छ। पाँच वर्षीय रणनीतिक योजना निर्माण, सैनिक भर्ना प्रणालीको अध्ययन तथा सुधार र निर्णय प्रक्रियालाई व्यवस्थित बनाउन कार्यसम्पादन कार्यविधि (एसओपी–२०८२) लागू गर्ने कार्यलाई सरकारले प्राथमिकतामा राखेको रक्षा मन्त्रालयले जनाएको छ।

**मनसुनजन्य विपद्मा 'शून्य' मावनीय क्षतिको लक्ष्य**

सरकारले यसपटक विपद् पूर्वतयारी र प्रतिकार्यका सम्बन्धमा विगतको कमजोरीलाई सच्याउँदै नयाँ योजना अघि सारेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना' निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

गृहमन्त्री गुरुङले यस वर्षको मनसुनमा शून्य मानवीय क्षतिको लक्ष्य हासिल गर्ने गरी कार्ययोजना निर्माण गरेर खटिइन सुरक्षा निकायलाई निर्देशन दिइसक्नुभएको छ। विपद् व्यवस्थापनका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले प्राधिकरणसँगको समन्वयमा काम अघि बढाइसकेका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्षको मनुसनमा सरदरभन्दा कम वर्षाको आँकलन गरिए पनि मनसुनजन्य विपद्बाट देशभर करिब ५१ हजार ८८६ परिवारका दुई लाख २६ हजार ६०० भन्दाबढी नागरिक प्रभावित हुने जनाएको छ।

प्राधिकरणका अनुसार कोशीमा ३८ हजार ७३६, मधेशमा ३५ हजार ३६१, बागमतीमा ३२ हजार ८९७, गण्डकीमा २१ हजार ६४१, लुम्बिनीमा ५१ हजार ६२६, कर्णालीमा १३ हजार १७५ र सुदूरपश्चिम प्रदेशमा ३३ हजार २२७ जनसंख्या प्रभावित हुने अनुमान छ।

**मनुसन प्रतिकार्यका लागि १८ हजार सुरक्षाकर्मी 'स्टाण्डबाइ'**

नेपाल प्रहरी र सशस्त्र प्रहरीले मनसुनजन्य विपद् प्रतिकार्य र पूर्वतयारीका लागि १८ हजार फौज 'स्टाण्डबाइ' राखेका छन्। सशस्त्र प्रहरीले मनसुनजन्य विपद् प्रतिकार्यका लागि देशका विभिन्न ५४ स्थानमा अस्थायी मनसुन प्रतिकार्य वेश स्थापना गरी आठ हजार १८० सशस्त्र प्रहरी कर्मचारीलाई २४सै घण्टा तयारी अवस्थामा राखेको छ।

नेपाल प्रहरीले विपद्को अवस्थामा तत्काल परिचालन हुनेगरी प्रहरी हेडक्वार्टरदेखि चौकीस्तरसम्मका इकाईमा आवश्यक उपकरणसहित १० हजार ८५ जना प्रहरी जनशक्ति तयारी अवस्थामा राखेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए।

**राष्ट्रिय परिचयपत्र 'डाउनलोड' गर्ने सुविधा**

सरकारले राष्ट्रिय परिचयपत्र सम्बन्धित व्यक्तिले नै डाउलोड गर्न मिल्ने सेवा सुरु गरेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले यही असार ४ गतेदेखि परीक्षणका रूपमा उक्त सेवा सुरु गरेको हो। विभागको राष्ट्रिय परिचयपत्रसम्बन्धी वेभसाइटमार्फत व्यक्तिको तस्बिर र अनलाइन भेरिफिकेसन क्यूआर कोडसहितको परिचयपत्र कार्ड डाउनलोड गर्न सकिनेछ।

सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत बुँदा नं २ मा 'विभागको प्रणालीबाट व्यक्तिको तस्बिर र क्युआर कोडसहितको राष्ट्रिय परिचयपत्र कार्ड सम्बन्धित व्यक्तिले डाउनलोड गर्ने प्रणाली निर्माण गर्ने' उल्लेख थियो।

राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भएका नागरिकले नाम (नेपाली वा अङ्ग्रेजी), जन्ममिति र नागरिकता जारी मिति पेस गरी आफ्नो कार्ड डाउनलोड गर्न सक्नेछन्। नागरिकको व्यक्तिगत विवरणलाई थप सुरक्षित बनाउन परिचयपत्र विवरण दर्ताका क्रममा राखिएको मोबाइल नम्बरमा प्राप्त हुने 'वन टाइम पासवर्ड' (ओटिपी) राखेर परिचयपत्र डाउनलोड गर्न सकिने व्यवस्था मिलाइएको छ।

**औद्योगिक सुरक्षाका लागि द्रुत प्रतिक्रिया टोली**

औद्योगिक तथा व्यावसायिक सुरक्षाका लागि सशस्त्र प्रहरी बलबाट ६ सय ६ युनिटमा द्रुत प्रतिक्रिया टोली तयारी अवस्थामा राखिएको छ। गृह मन्त्रालयको अध्ययन कार्यदलको प्रतिवेदनबमोजिम जिल्लामा संयन्त्र गठन गरी २४सै घण्टा सम्पर्क गर्न सकिने गरी आवश्यक व्यवस्था मिलाइएको छ।

शासकीय सुधारसम्बन्धी कार्यसूचीमा औद्योगिक तथा व्यावसायिक सुरक्षा सुदृढीकरणका लागि आवश्यक संरचना तथा द्रुत प्रतिकार्य संयन्त्र ३० दिनभित्र विकास गर्ने घोषणा गरिएको थियो।

यसअवधिमा निजी सम्पत्तिमा भएको क्षति, लुटपाट तथा आक्रमणमा संलग्न व्यक्तिमाथि कडाइका साथ कानुनी कारबाही प्रक्रिया तत्काल अगाडि बढाएका छन्। सबै जिल्ला प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिइएको गृह मन्त्रालयले जनाएको छ। सो क्रममा हालसम्म ३४ जनालाई नियन्त्रणमा लिइएको छ भने अनुसन्धानका लागि ३८५ वटा मुद्दा दर्ता भएका छन्।

सरकारका यी प्रयासको कार्यान्वयनबाट मुलुकको आन्तरिक सुरक्षा सुदृढ, सुरक्षित समाज र गुनासोरहित सेवा प्रवाह भई राज्यप्रति नागरिकको भरोसा मजबुत हुने अपेक्षा गरिएको छ।

# हुलाकलाई 'सरकारी कुरियर सेवा'का रूपमा विकास गर्न सरकार सफल

हुलाक सेवालाई पुनर्जीवन दिँदै आधुनिक, प्रविधिमैत्री र नागरिकमैत्री सेवाका रूपमा विकास गर्ने अभियानमा सरकार सफल देखिएको छ।

वर्तमान मन्त्रिपरिषद्को पहिलो निर्णयबाट आएको शासकीय सुधारसम्बन्धी १०० कार्यसूची र सूचना तथा सञ्चार मन्त्रालयको कार्यक्षेत्रभित्र समावेश गरिएका प्रमुख १० कार्यअन्तर्गत हुलाकलाई सरकारी सामग्री तथा कागजात ढुवानी सेवाका रूपमा विकास गर्ने लक्ष्यअनुसार हालसम्म उल्लेखनीय प्रगति हासिल भएको हुलाक सेवा विभागले जनाएको छ।

विभागमा महानिर्देशक मनमाया भट्टराई पङ्गेनीका अनुसार सरकारी सेवा नागरिकको घरदैलोमा उपलब्ध गराउने उद्देश्यका साथ हुलाक सेवालाई आधुनिकीकरण गरी राहदानी, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र तथा अन्य सरकारी कागजात र सामग्री घरघरमा पुर्याउने व्यवस्था कार्यान्वयनमा आएको छ।

सरकार गठनपछिको अवधिमा यही असार १९ गतेसम्म ७५ जिल्लामा दुई लाख सात हजार ८ सय ३४ थान राहदानी जिल्ला प्रशासन कार्यालयमा ढुवानी भइसकेको भन्दै तीमध्ये हालसम्म छ हजार २ सय ९३ थान राहदानी सेवाग्राहीको घरदैलोमा पुर्याइसकिएको हुलाक सेवा विभागले जनाएको छ।

हुम्ला र भोजपुर जिल्लामा यस्तो सेवा सुरु गर्नका लागि भइरहेको छलफल अन्तिम चरणमा रहेको महानिर्देशक पङ्गेनीले जानकारी दिए। उनका अनुसार राहदानी, चिठीपत्र तथा अन्य सरकारी सामग्री हुलाकमार्फत सबै जिल्ला प्रशासन कार्यालयसम्म पुर्याउने व्यवस्था मिलाउन राहदानी विभाग र हुलाक सेवा विभागबीच सम्झौता सम्पन्न भएको छ।

सवारी चालक अनुमतिपत्र ढुवानीतर्फ यातायात व्यवस्था विभागमार्फत प्राप्त आठ लाख आठ हजार ४४ थान अनुमतिपत्र सातै प्रदेशका यातायात व्यवस्था कार्यालयमा हुलाकमार्फत पुर्याइएको छ। साथै कास्की, मोरङ, बाँके, पर्सा, सुनसरी, कालिकोट, बझाङलगायत जिल्लामा एक हजार ९३ थान सवारी चालक अनुमतिपत्र सेवाग्राहीको घरदैलोमा पुर्याइएको छ। अन्य जिल्लामा पनि यस्तो सेवा विस्तार गर्ने प्रक्रिया अगाडि बढाइएको विभागले जनाएको छ।

हुलाक सेवालाई अझ प्रभावकारी, छरितो तथा कम खर्चिलो बनाउन डाँक मार्गको पुनरावलोकन गरी विसं २०८३ जेठ ३१ गते स्वीकृत गरेर कार्यान्वयनमा ल्याइएको छ। त्यसैगरी, हुलाक सङ्केत प्रणाली लाई सात अङ्कीय बनाउँदै हुलाकको आन्तरिक निगरानी प्रणालीमा स्तरोन्नति गरिएको छ। सोसम्बन्धी अद्यावधिक विवरण अन्तरराष्ट्रिय हुलाक सङ्गठनमा समेत पठाइएको विभागले जनाएको छ।

शैक्षिक प्रमाणपत्र घरदैलोमा पुर्‍याउने व्यवस्थाअन्तर्गत नेपाल खुला विश्वविद्यालय र हुलाक सेवा विभागबीच यही असार ८ गते सम्झौता भई कार्यान्वयन सुरु भइसकेको छ। त्रिभुवन विश्वविद्यालयसँग पनि यस्तै व्यवस्था गर्न छलफल भइरहे पनि पदाधिकारीको अभावका कारण अन्तिम निर्णय हुन बाँकी रहेको सूचना तथा सञ्चार मन्त्रालयले जनाएको छ। यद्यपि हालसम्म हुलाकमार्फत त्रिभुवन विश्वविद्यालयको २६३ वटा शैक्षिक प्रमाणपत्र सम्बन्धित व्यक्तिको घरसम्मै पुर्याइएको छ।

स्वास्थ्य क्षेत्रतर्फ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँग सम्झौता गरी १७ अस्पतालका एक हजार २ सय ३८ वटा प्रयोगशाला नमूना ढुवानी गरिएको छ। स्वास्थ्य शिक्षा तथा सूचना केन्द्रसँग भएको सम्झौताअनुसार चार हजार ६८६ किलो स्वास्थ्य शिक्षासम्बन्धी सामग्री ७० जिल्लाका जिल्ला तथा स्थानीय स्वास्थ्य कार्यालयमा पुर्याइएको छ। त्यस्तै, स्वास्थ्य बिमा बोर्डसँग सम्झौता गरी दुई हजार ४ सय २० किलो स्वास्थ्य सामग्री २८ जिल्लास्थित स्वास्थ्य बिमा कार्यालयमा ढुवानी गरिएको विभागले जनाएको छ।

वैदेशिक हुलाक सेवालाई सहज बनाउन हुलाक सेवा विभागको समन्वयमा वैदेशिक हुलाक भन्सार कार्यालय र राष्ट्रिय वाणिज्य बैंकका सेवा बिदाको दिनसमेत सञ्चालन हुने व्यवस्था मिलाइएको छ। साथै त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा वैदेशिक हुलाक सामग्रीको ढुवानीलाई थप छरितो बनाउन विशेष द्रुत प्रक्रियाको व्यवस्था गरिएको छ।

हुलाक सामग्रीको हवाई ढुवानीलाई सहज बनाउन यति एयरलाइन्ससहित विभिन्न वायुसेवा कम्पनीसँग पूरक सम्झौता गरिएको विभागले जनाएको छ। थप अन्तरराष्ट्रिय गन्तव्य विस्तारका लागि कतारको राष्ट्रिय वायुसेवा कम्पनीसँग पनि थप सहकार्यका विषयमा छलफल गरिएको जनाएको छ। नेपाल टेलिकमबाट वितरण हुने सिमकार्डलगायत सामग्री हुलाकमार्फत ढुवानी गर्ने सम्बन्धमा यही असार १८ गते नेपाल टेलिकम र हुलाक सेवा विभागबीच सम्झौता सम्पन्न भएको छ।

हुलाक सेवालाई अन्तरराष्ट्रिय मापदण्डअनुसार व्यवस्थित गर्न अन्तरराष्ट्रिय हुलाक सङ्गठनको सन् २०२५ को निर्देशिकाअनुसार पत्र तथा पार्सलसम्बन्धी विवरण अद्यावधिक गर्ने पहिलो चरणको काम सम्पन्न भई दोस्रो चरण सुरु गरिएको जनाइएको छ।

त्यसैगरी, हुलाकको आन्तरिक निगरानी प्रणालीलाई स्तरोन्नति गरी राहदानी विभागसँग प्रत्यक्ष रूपमा जोड्ने विषयमा सूचना तथा सञ्चार मन्त्रालय, सूचना प्रविधि विभाग, केन्द्रीय हुलाक कार्यालय, राहदानी विभाग तथा परराष्ट्र मन्त्रालयबीच छलफल सम्पन्न भई अध्ययन टोलीले प्रतिवेदन पेस गरेको छ।

नेपाली वैज्ञानिक राम लक्ष्मणले देशको ठेगाना प्रणालीलाई व्यवस्थित गर्न सहयोग पुग्ने नयाँ प्रणाली निःशुल्क उपलब्ध गराउने प्रस्ताव मन्त्रालयमा पेस गरेका छन्। उक्त प्रस्तावको अध्ययन सम्पन्न भई प्रतिवेदन अन्तिम चरणमा रहेको छ।

हुलाकमा प्रयोग भइरहेका प्रविधिलाई आधुनिकीकरण गर्ने विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग छलफल गरी प्राविधिक टोलीले तयार गरेको अन्तर विश्लेषण प्रतिवेदन मन्त्रालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ। सञ्चार मन्त्रालयका अनुसार यही असार १९ गतेसम्म हुलाकमार्फत एक लाख ९८ हजार ३ सय ७ थान पार्सल, चिठीपत्र तथा द्रुत हुलाक सेवा अन्तर्गतका सामग्री ढुवानी गरिएको छ।

सरकारको नीति तथा कार्यक्रमअनुसार देशभरका हुलाक कार्यालयलाई क्रमशः स्मार्ट हुलाकमा रूपान्तरण गर्ने अभियानअन्तर्गत आवश्यक मापदण्ड स्वीकृत गरी ५० वटा हुलाक कार्यालय सूचना प्रविधिमा आधारित आधुनिक हुलाकका रूपमा विकास गर्न छनोट गरिएको छ। त्यस्तै, स्वास्थ्य सेवा विभागसँग औषधिजन्य सामग्री ढुवानीका लागि सम्झौताको मस्यौदामा प्रारम्भिक छलफल सम्पन्न भई आवश्यक प्रक्रिया अगाडि बढाइएको विभागले जनाएको छ।

गैरकर राजस्व अभिवृद्धि तथा सेवा प्रवाहलाई सहज बनाउन सुरक्षण मुद्रण केन्द्रसँगको सहकार्यमा ३४ लाख ७४ हजार थान हुलाक टिकट छपाइ गरिएको छ। थप हुलाक टिकट छपाइका लागि डिजाइन स्वीकृत गरी आवश्यक प्रक्रिया अघि बढाइएको छ। यसका अतिरिक्त हुलाक सेवाको प्रयोग बढाउन सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय विस्तार गर्दै द्रुत हुलाक, पार्सल तथा पत्र सेवासम्बन्धी अन्तरक्रिया र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ। रासस

### सरकारको १०० दिनः

# सुशासन, पारदर्शिता र सेवा प्रवाहमा उल्लेखनीय सुधार



**काठमाडौँ ।**
सुशासन, पारदर्शिता र सार्वजनिक सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउने दिशामा वर्तमान सरकारले प्रस्थान विन्दु तयार गरेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकार गठन भएको १०० दिनमा सुशासनको जगमा विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको हो । राजनीतिक नियुक्ति पारदर्शिता, खुला प्रतिस्पर्धाबाट विश्वविद्यालयका उपकुलपति नियुक्ति तथा परीक्षा प्रणालीमा सुधार गरी शैक्षिक क्यालेन्डरको प्रभावकारी रूपमा लागू गरिएको छ ।

नीतिगत र संरचनागत सुधारका साथै सङ्घीय सरकारको मन्त्रालय संख्या घटाएर आर्थिक मितव्ययी अपनाइएको छ । विगतमा राजनीतिक दलका नेता बढी व्यस्त हुने उद्घाटन र शिलान्यासजस्ता कार्यक्रमलाई अन्त्य गरिएको छ ।

सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलका अनुसार सरकारले नीतिगत तथा संरचनागत सुधारलाई प्राथमिकतामा राखेको छ । 'यस अवधिमा हामीले धेरै प्रक्रिया पारदर्शी बनाएका छौँ, अधिकांश नियुक्ति खुला प्रतिस्पर्धाका माध्यमबाट गरिएको छ । राजदूत नियुक्ति खुला प्रतिस्पर्धाबाट प्रक्रिया अगाडि बढाइएको छ,' मन्त्री पोखरेलले भने ।

उनका अनुसार आठ वटा विश्वविद्यालयका उपकुलपतिको नियुक्ति सरकारको हस्तक्षेपविना विज्ञ समिति गठन गरेर टुङ्ग्याइएको छ । सबै विश्वविद्यालयमा एकैपटक उपकुलपतिको नियुक्ति गरिएको छ । परीक्षा प्रणाली सुधार, विश्वविद्यालयमा शासकीय सुधार, डिजिटल सेवा विस्तार तथा सेवा प्रवाहलाई यस अवधिमा उल्लेख्य कामका रुपमा लिन सकिने उनले बताए ।

शिक्षा ९दशौँ संशोधन० नियमावली, २०८३ मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको छ । शैक्षिक क्यालेन्डर कार्यान्वयनमा ल्याइएको छ । एसइई र दश जोड दुईको नतिजा तोकिएको समयावधिभित्रै सार्वजनिक गरिएको छ । स्नातक तहका परीक्षाको नतिजा पनि क्यालेन्डरअनुसारै सार्वजनिक हुनेगरी व्यवस्था मिलाइएको छ ।

शिक्षामन्त्री पोखरेलले आफ्नो मन्त्रालयअन्तर्गत पर्ने सरकारको एक सय बुँदामा समेटिएका सबै काम सम्पन्न गरी अतिरिक्त ४२ वटा काम गरिएको जानकारी दिए ।

मन्त्रालयले माध्यमिकदेखि विश्वविद्यालय तहसम्मको परीक्षा प्रणालीलाई समयबद्ध बनाउने, वैदेशिक अध्ययन अनुमति (एनओसी) सेवालाई थप प्रभावकारी बनाउने, विश्वविद्यालयलाई दलगत हस्तक्षेपबाट मुक्त गर्ने तथा डिजिटल सेवाको विस्तारलाई प्राथमिकताका साथ अघि बढाएको छ ।

अबदेखि एसइईको नतिजा परीक्षा सम्पन्न भएको एक महिनाभित्र, कक्षा १२ को नतिजा ४० दिनभित्र तथा विश्वविद्यालयको नतिजा ६५ दिनभित्र सार्वजनिक गर्ने अभ्यास स्थापित गरिएको छ । व्यवस्था शासकीय सुधारसम्बन्धी सरकारको 'सयबुँदे कार्ययोजना'अनुसार कार्यान्वयन गरिएको हो । उक्त कार्य योजनामा विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी)ले परीक्षा सम्पन्न भएको दुई महिनाभित्र परीक्षाफल सार्वजनिक गर्ने तथा स्नातक र स्नातकोत्तर तहको नतिजा शैक्षिक क्यालेन्डरअनुसार प्रकाशन गर्ने व्यवस्था गरिएको छ ।

मन्त्रालयले विश्वविद्यालयमा दलगत हस्तक्षेप अन्त्य गर्ने अभियानलाई तीव्र बनाएको जनाएको छ । विद्यार्थी सङ्गठनलाई विश्वविद्यालयका भवन वा जग्गा उपलब्ध नगराउने, दलगत सङ्केत हटाउने तथा 'स्टुडेन्ट काउन्सिल' र 'भ्वाइस अफ स्टुडेन्ट' प्रणाली लागू गर्ने तयारी भइरहेको छ । यसका लागि निर्देशिका निर्माणको काम अन्तिम चरणमा पुगेको मन्त्रालयले जनाएको छ ।

त्रिभुवन विश्वविद्यालयका अध्ययन बिदामा गएका तर तोकिएको अवधिमा नफर्किएका करिब ४०० प्राध्यापकबाट असुल गर्नुपर्ने करिब रु दुई अर्बमध्ये हालसम्म करिब रु ५० करोड राजस्व फिर्ता भएको छ ।

कक्षा ५ सम्मका विद्यार्थीका लागि परम्परागत आन्तरिक परीक्षा हटाई मनोवैज्ञानिक दबाब कम हुने वैकल्पिक मूल्याङ्कन प्रणाली लागू गरिएको छ । जन्मदर्ता प्रमाणपत्र नभएका बालबालिकालाई स्थानीय तहबाट प्रमाणित विवरणका आधारमा विद्यालय भर्ना गर्ने व्यवस्था पनि कार्यान्वयनमा ल्याइएको छ । विद्यार्थीलाई स्नातक तहसम्म अध्ययन गर्न नागरिकता अनिवार्य नहुने व्यवस्था मिलाउन विश्वविद्यालय अनुदान आयोगमार्फत आवश्यक कार्यविधि जारी गर्ने तयारी गरिएको छ ।

मन्त्रालयले शिक्षकका लागि इ–पेन्सन कार्ड प्रणालीको तयारी, विद्यालय शिक्षाको राष्ट्रिय गुणस्तर मापदण्डको अन्तिम मस्यौदा, सहकार्यात्मक शैक्षिक उपाधि कार्यक्रमसम्बन्धी नियमावली कार्यान्वयन तथा सेवा प्रवाह पुनःसंरचना (बिजनेस प्रोसेस रिइन्जिनियरिङ–बिपिआर)सम्बन्धी कार्यलाई अघि बढाएको जनाएको छ । रासस

# भूमि व्यवस्था मन्त्रालयका उपलब्धि उल्लेख्य



**काठमाडौँ ।**
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले मन्त्रालयको जिम्मेवारी सम्हालेयता ४८ वटा मुख्य उपलब्धि हासिल भएका छन् । मन्त्रालयले १०० दिनका प्रमुख कार्य सार्वजनिक गर्दै 'मेरो कित्ता' मोबाइल एप सार्वजनिक गरी नक्सा प्रिन्टदेखि फिल्डबुक उतारसम्मका काम मोबाइलबाट गर्न सकिने जनाएको छ ।

मन्त्रालयका अनुसार उक्त एपमार्फत हालसम्म चार हजार ७ सय ७९ संस्थागत प्रयोगकर्ता तयार भई सेवा प्रवाह भइरहेको छ । भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई २९ वटा लालपुर्जा वितरण गरिएको छ ।

वितेका १०० दिनमा सहकारीका एक हजार ७ सय ५४ साना बचतकर्ताको दुई करोड ६३ लाख रकम फिर्ता गरिएको जनाएको छ ।

मन्त्रालयका अनुसार सो अवधिमा १ सय ५४ जना ऋणीबाट चार करोड ३२ लाख ८२ हजार ३ सय १० रकम ऋण असुली भएको छ ।

मन्त्रालयका अनुसार सो अवधिमा २ सय २३ रिक्त तथा निमित्त भरमा रहेका पालिकामा प्रमुख प्रशासकीय अधिकृत पठाइएको उपलब्धि सार्वजनिक गरेको छ । यस अवधिमा छ वटा स्थानीय तहबाट नापी र मालपोत सम्बन्ध सेवाको सुरुआत गरिएको छ । साथै कर्मचारी टे«ड युनियनको व्यवस्था हटाइएकोलाई पनि मुख्य उपलब्धिका रूपमा मन्त्रालयले चिलित गरेको छ । बालुवाटारस्थित प्रधानमन्त्री निवास रहेको जग्गा नेपाल सरकारका नाममा ल्याइएको, मालपोत र नापी कार्यालयमा सेवाग्राहीबाहेक अनाधिकृत व्यक्ति प्रवेशमा रोक लगाइएको, तीनवटा प्रदेश (बागमती, गण्डकी र मधेश) मा निजामती अस्पतालको सेवा विस्तार, सिंहदरवार परिसरमा निजामती अस्पतालको सेवा एकाई स्थापना गरी सेवा सुरु, कर्मचारीको सरुवा अनिवार्य अनलाइन प्रणालीमार्फत गर्ने व्यवस्था, किताबखानाको पूर्ण डिजिटल प्रणाली सुरु, निजामती कर्मचारीको विवरण अनलाइनबाट अध्यावधिक गर्न सकिने व्यवस्था पनि गरिएको छ ।

मन्त्रालयका अनुसार अध्ययन तथा असाधारण बिदामा गई सम्पर्कमा नआएका दुई जना तथा विदेशी आवासीय अनुमति लिएका छ जना कर्मचारीलाई निजामती सेवामा अयोग्य ठहरिने गरी कारबाही गरिएको जनाएको छ ।

एक सय दिनमा निजामती सेवा विधेयक मस्यौदा तयार, स्थानीय तहको बजेट निर्माणमा सहजीकरण गर्न स्थलगत टोली खटाइएको, सेवा सहजीकरणमा युवा परिचालन गर्ने कार्यविधिको मस्यौदा तयार, सहकारी (पहिलो संसोधन) अध्यादेश २०८३ प्रतिनिधिसभाबाट स्वीकृत, कमैया श्रम (निषेध गर्ने) सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत, जग्गा (नाप जाँच), भूमि र सहकारी सम्बन्धी नयाँ विधेयकको मस्यौदा तयार, स्थानीय सरकार सञ्चालन ऐनको संशोधन विधेयकको मस्यौदा तयार गरिएको, स्थानीय तहहरूको सेवाप्रवाहको गुणस्तर प्रमाणीकरण मापदण्ड स्वीकृतलगायत उपलब्धि हासिल भएका जनाइएको छ । रासस

# शिक्षक महासङ्घको काठमाडौँ जिल्ला समिति विस्तार



**काठमाडौँ।**
नेपाल शिक्षक महासङ्घले पहिलो पटक जिल्ला समिति काठमाडौँ गठन गरेको छ।

समितिको संस्थापक अध्यक्षमा गणेशप्रसाद गुरागाईं सर्वसम्मत चयन भएका छन्।

यसअघि नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, काठमाडौँ महानगर कमिटीको अध्यक्ष भइसकेका गुरागाईंको नेतृत्वमा २७ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत चयन भएको महासङ्घले जनाएको छ।

कार्यसमितिको सहअध्यक्षमा कृष्णराज कट्टेल, उपाध्यक्षमा वासुदेव खनाल, महिला उपाध्यक्षमा तारा अधिकारी, सचिवमा नारायणप्रसाद गौतम, खुला सहसचिवमा समुन्द्र तिमल्सिना, सहसचिव (अर्थ)मा गोविन्दप्रसाद पौडेल, महिला सहसचिवमा अनिता अधिकारी तथा संस्थागत सहसचिवमा दिवसबाबु पोखरेल र रामहरि ढकाल चयन भएका छन्।

सदस्यहरूमा सूर्यबहादुर खड्का, चक्रबहादुर विष्ट, भगवती सिलवाल, सरिताकुमारी प्रसाईं, श्रवण बस्नेत, तारा मिश्र, सुमित्रा सिग्देल, बबिता साही ठकुरी, दिनेश लामा, भरत भण्डारी, सृजना खड्का गिरी, सूर्यकुमार उपाध्याय, डिल्लीराज ज्ञवाली, विनोद खनाल, सुशीला खनाल, वीरबल्लभ घिमिरे र तेजेन्द्र सुवेदी रहेका जनाइएको छ।

महासङ्घका राष्ट्रिय अध्यक्ष लक्ष्मीकिशोर सुवेदी, महासचिव तुलाबहादुर थापा, नेपाल राष्ट्रिय शिक्षक सङ्ठनका राष्ट्रिय अध्यक्ष हंशबहादुर शाही, नेपाल शिक्षक सङ्गठका केन्द्रीय अध्यक्ष सोमनाथ गिरी, विद्यालय कर्मचारी परिषद्का केन्द्रीय अध्यक्ष गङ्गाराम तिवारीलगायत शिक्षक नेताहरुको उपस्थिति थियो। रासस

# पूर्वाधारमन्त्री लम्साल कोरला सडकको निरीक्षणमा



**मुस्ताङ ।**
उत्तर–दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी–जोमसोम–कोरला) सडक आयोजनाको अनुगमन तथा निरीक्षणका लागि पूर्वाधार विकासमन्त्री सुनिल लम्साल यहाँ आइपुगेका छन् ।

शुक्रबार बेनी–जोमसोम सडकमार्ग हुँदै मुस्ताङको थासाङ गाउँपालिका–३ लेते बास बस्नुभएका मन्त्री लम्सालसँग संस्कृति पर्यटन तथा नागरिक उड्ययनमन्त्री खड्कराज पौडेल (गनेश), मन्त्रालय र विभिन्न विभागका प्रतिनिधि पनि छन् ।

कोरला सडकका आयोजना प्रमुख तेजस्वी शर्माका अनुसार कोरला सडकको निरीक्षण तथा पर्यटनलगायतका विषयमा जानकारी लिने उद्देश्यले उनहरु आएका हुन् ।

त्यस अवसरमा पूर्वप्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनको उपस्थितीमा जोमसोम––कोरला सडकमा आवश्यक पर्ने पूर्वाधार निर्माणलगायतका बिषयमा छलफल भएको छ । छलफलमा मन्त्री लम्सालले कोरला सडकखण्डमा पर्ने पाँच वटा सडक पुल निर्माणलाई ठेक्का प्रक्रियामा लैजान निर्देशन दिएका थिए ।

आयोजना प्रमुख तेजश्वी शर्माले जोमसोम–कोरला सडकअन्तर्गत जोमसोम–कागबेनी सडकको थप स्तरोन्नति तथा कागबेनी–छुसाङ सडक खण्डमा कालोपत्र निर्माणको प्रगतिबारे मन्त्री लम्साललाई जानकारी गराए ।

सरकारले कोरला सडकअन्तर्गत मुस्ताङको छुसाङदेखि घमीसम्मको ५० किलोमिटर सडक स्तरोन्नति तथा कालोपत्रका लागि तीन अर्ब १५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । कोरला नाकासम्मको सडकको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भइसकेकाले नाकासम्मको सडक स्तरोन्नति तथा कालोपत्रको काम शीघ्र अघि बढाउनुपर्ने आवश्यकता रहेको विषयमा मन्त्री लम्सालको ध्यानाकर्षण गराइएको थियो ।

मन्त्री लम्सालसहितको टोलीले कोरला सडक आयोजना क्षेत्रका विभिन्न स्थानको स्थलगत अनुगमन तथा निरीक्षण गर्दै सडक, पुलपुलेसा र अन्य पूर्वाधारको अवस्थाबारे स्थानीयसँग जानकारी लिएको छ । स्थानीयले कालिगण्डकी नदीको कटान, बाढी र पहिरोका कारण कोरला सडक, पुलपुलेसा तथा अन्य संरचनामा बर्सेनि क्षति पुग्ने जोखिम रहेको जानकारी गराएका छन् । रासस

# बाढीपहिरोले अवरुद्ध राजमार्ग तत्काल सञ्चालनमा ल्याउन माग



**काठमाडौँ।**
राष्ट्रियसभाको शनिबारको बैठकको शून्य समयमा सांसदहरूले मनसुनका कारण बाढीपहिरोबाट अवरुद्ध भएका राजमार्ग र सडक यथाशीघ्र सञ्चालनमा ल्याउन सरकारसँग माग गरेका छन् । उनीहरुले मुलुकका विभिन्न राजमार्ग तथा सडक बाढीपहिरोका कारण अवरुद्ध हुँदा जनजीवन प्रभावित भएको भन्दै तत्काल मर्मतसम्भार गरी यातायात सहज बनाउन आग्रह गरे।

सांसद गोमादेवी तिमिल्सिनाले वर्षायाममा नागरिक जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको उल्लेख गर्दै मुख्य राजमार्गका अवरोध तत्काल हटाउन सरकारको ध्यानाकर्षण गराइन् । उनले मुग्लिन–नारायणगढ–काठमाडौं, डोटी र बैतडी क्षेत्रमा भइरहेका सडक दुर्घटनाप्रति सरकार गम्भीर बन्नुपर्नेमा जोड दिए।

सांसद दुर्गा गुरुङले मनसुन सुरु भएसँगै कर्णालीका विभिन्न जिल्लाका सडक बाढीपहिरोले अवरुद्ध हुँदा बिरामीलाई अस्पताल पु¥याउनसमेत कठिनाइ हुने गरेको गरिन् । उनले बर्सेनि दोहोरिने सडक अवरोधको समस्या दीर्घकालीन रूपमा समाधान गर्न सरकारसँग आग्रह गरे।

सांसद नरबहादुर विष्टले सुर्खेत–कालीकोट रुटमा सञ्चालन भइरहेको सार्वजनिक यातायात दैलेखमा हराएको घटनाको आवश्यक छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न सरकारसँग माग गरे। सांसद नारायणदत्त मिश्रले सरकारले रासायनिक मल डिएपी महँगो मूल्यमा खरिद गरेको हो कि ? भन्ने प्रश्न उठाउँदै नेपाल र भारतबीच खरिद मूल्यमा देखिएको अन्तरबारे छानबिन हुनुपर्ने माग गरे।

सांसद युवराज शर्माले काठमाडौँ उपत्यकामा मेलम्चीको खानेपानी वितरण अवरुद्ध भएकाले नियमित खानेपानी आपूर्तिको व्यवस्था गर्न सरकार अग्रसर हुनुपर्ने धारणा राखे।

सांसद सुरेशकुमार आले मगरले सरकारले सांसदहरूले उठाएका प्रश्नको जवाफ नदिएको भन्दै शनिबारको बैठकमा आफूले कुनै जिज्ञासा नराखेको बताए। रासस

# बजेटका पक्षमा मतदान गर्न 'ह्विप' जारी

**मकवानपुर।**
नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको शनिबार हेटौँडामा भएको बैठकले प्रदेश सरकारद्वारा आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत बजेटका पक्षमा मतदान गर्न 'ह्विप' जारी गरेको छ ।नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँको अध्यक्षतामा भएको बैठकमा पार्टी महामन्त्री गुरुराज घिमिरे आमन्त्रित सदस्यका रूपमा सहभागी थिए । नेपाली कांग्रेसले नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँगको समन्वयमा प्रदेशसभामा बजेट प्रस्तुत गरेको हो । त्यसअघि दुवै पार्टीका संसदीय दलले नेपाली कांग्रेसका पूर्वमुख्यमन्त्री बहादुरसिंह लामाको संयोजकत्वमा बजेट निर्माण सहजीकरण कार्यदल गठन गरेका थिए। रासस

# बाँसखर्कमा सुन्तलासँगै फस्टायो नरबहादुरको नर्सरी

**म्याग्दी ।**
२० वर्षअघि विदेशबाट फर्किएर सुन्तला खेती सुरु गर्नका लागि घरपरिवारलाई मनाउन पर्वतको जलजला गाउँपालिका–१ बाँसखर्कका नरबहादुर पाइजालाई मुस्किल परेको थियो ।

‘भारतीय र बेलायती गोर्खा सैनिकमा भर्ति हुने प्रयास सफल नभएपछि रोजगारीको खोजीमा तीन वर्ष कतारमा बिताएपछि जन्मथलो फर्किएर सुन्तला लगाउने घरसल्लाह गर्दा बुवालाई मनाउन निकै गाह्रे भएको थियो,’ पाइजाले भने ‘धान, कोदो र मकै खेती हुने खेतबारीमा काँडाधारी सुन्तला लगाएर के खान्छौँ भन्ने छिमेकी र आफन्त पनि अहिले मेरै सिको गरेर सुन्तला खेतीमा लागेकोमा गर्व लागेको छ ।’

दुई दशकदेखि ब्यवसायिक सुन्तला खेती गर्दै आएका नरबहादुरले पछिल्लो समय नर्सरीबाट बिरुवा उत्पादन पनि गर्न थाल्नुभएको छ । गुणस्तरीय र स्वस्थ्य सुन्तलाका बिरुवा उत्पादनका लागि उनले पाइजा नर्सरी दर्ता गरेका छन् ।

‘गत वर्ष ३५ लाख रुपैयाँको सुन्तला र चार लाख रुपैयाँको बिरुवा बिक्री भयो,’ नरबहादुरले भने, ‘यसपाली गत जेठ १२ गतेको असिनाले चुटेर दाना झारेकाले सुन्तला उत्पादन घट्ने अनुमान छ । चार लाख रुपैयाँ बराबरको चार हजार बिरुवा बिक्री भएको छ ।’

चार सय ५० बोट सुन्तलाले उत्पादन दिन्छन् । चार सयभन्दा बढी बोट फल दिने तयारीमा छन् । हुर्कँदै गरेका सुन्तलाका बोट भएको बगैँचामा बाँसखर्कमा फलेको सुन्तलाको दानाबाट बिरुवा उत्पादन गर्ने नर्सरी छ । नरबहादुरका अनुसार नर्सरीमा २२ हजार बिरुवा हुर्कीरहेका छन् । म्याग्दी र पर्वतका किसान बिरुवा किन्न नर्सरी मै आउँछन् । बजारको समस्या छैन् ।

सुन्तला र बिरुवा बेचेर आफ्नो आर्थिक र सामाजिक हैसियत फेरेका नरबहादुरले छोरालाई पढ्नका लागि विदेश पढाउनुभएको छ भने छोरीले पोखरामा बसेर उच्च शिक्षा हासिल गरिरहेकी छिन् ।

सुन्तला खेतीमा श्रीमतिको साथ पाएका नरबहादुरले बगैँचा गोडमेल, काटछाँट, मलजल र सरफाईका लागि मजदुरको ज्यालाका लागि वार्षिक तीन लाख रुपैयाँभन्दा बढी खर्च हुने सुनाए ।

‘अरुको देशमा मासिक रुपमा कमाउने रु एक लाखभन्दा आफ्नै घरपरिवारसँग बसेर हुने ५० हजार कमाईमा सन्तुष्ट हुनुपर्छ भन्ने भावनाबाट प्रेरित भएर कतारबाट फकिएको हो,’ नरबहादुर भन्छन्, ‘जग्गा पाए सुन्तला खेती अझै बढाउने, नियमित कामदार राख्ने, गाईभैँसी, कुखुरा र माछापालन गर्ने योजना छ ।’

गोठमा भकारो सुधार गरेर गाईभैँसीको गहुँत सङ्कलन गर्ने संरचना बनाएका छन् । बिरुवा र सुन्तलाका बोटमा रोगकिरा नलागोस भनेर गहुँतमा पानी मिसाएर छर्कने गर्छन् ।

नरबहादुरलाई गण्डकी प्रदेश सरकार र जलजला गाउँपालिकाको सहयोगमा दायित्व संस्थाले सञ्चालन गरेको वृद्धिमुखी उद्यमशिलता तथा रोजगारी प्रर्वद्धन कार्यक्रमले जलजलाको उत्कृष्ट १० उद्यमी घोषणा गर्दै नगद रु एक लाख सहित गत हप्ता पुरस्कृत र सम्मान गरिएको उपाध्यक्ष दिपक आचार्यले बताए ।

कार्यक्रममार्फत यसअघि पनि प्रविधिमा अनुदान, ब्यवसायिक योजना र बजारीकरण तथा क्षमता विकाससम्बन्धी तालिम दिइएको छ । म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको बाँसखर्कका बासिन्दाको मुख्य आम्दानीको स्रोत सुन्तला खेती बनेको छ । समुन्द्र सतहदेखि एक हजार १०० देखि एक हजार ९०० मिटर उचाइमा रहेको बाँसखर्कका २३९ मध्य २०० घरपरिवारले सुन्तला खेती गरेका स्थानीय ज्योतीमण्डल माविका प्रअ मेखबहादुर खत्रीले बताए ।

बाँसखर्कको एक हजार ५०० रोपनी जग्गामा सुन्तला खेती भएको छ । बाँसखर्कमा ५१ हजार १५१ सुन्तलाका बोट छन् । गत वर्ष रु २० करोड मूल्य बराबरको सुन्तला उत्पादन भएको बाँसखर्कमा यसपाली असिनाका कारण उत्पादन दुई गुणाले घट्ने अनुमान गरिएको कृषक बसन्ती पाइजाले बताए ।

बाँसखर्कका किसानले धान, कोदो, मकै, गहु खेतीको विकल्पमा सुन्तला खेती गरेका छन् । पहिले बाँसको जङ्गल भएको र हिउँदमा गाईभैँसी, भेडाबाख्राको गोठ राख्ने भएकाले बाँसखर्क रहन गएको किम्बदन्ती छ । पुरानो बाँसखर्कको पाखो अहिले सुन्तलाखर्कमा परिणत भएको छ ।

सुन्तला बगैँचा अवलोकन गर्न पर्यटक आउँछन् । म्याग्दी र पर्वतलाई समेटिएको अन्नपूर्ण–धौलागिरि सामुदायिक पर्यावरणीय पदमार्गको प्रवेशबिन्दु बाँसखर्क हो । माथिल्लो बाँसखर्कमा घरबास सञ्चालन भएको छ ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र जलजला गाउँपालिकाको सहकार्यमा एक करोड रुपैयाँ बजेटबाट चालु आर्थिक वर्षमा बाँसखर्कको सुन्तला बगैँचामा ‘पम्पिङ’ प्रणालीमार्फत स्थायी सिँचाइ कार्यक्रम सञ्चालन भएको छ ।

बाँसखर्क भएर मल्लाजमा पानी लैजाने सिँचाइ योजनाको नहरभन्दा माथिको बगैँचामा पम्पिङ र तलमाथी दुबैतिर हरेक ४०० देखि ५०० बोटका लागि दश हजार लिटर क्षमताको ट्ङ्की बनाएर स्थायी किसिमले सिँचाइको ब्यवस्था मिलाइएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताए ।

# अमेरिकी पहिचानमाथि ‘नयाँ आक्रमण’ भइरहेको ट्रम्पको दाबी



**न्युयोर्क ।**
संयुक्त राज्य अमेरिकाको २५०औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा राष्ट्रपति डोनाल्ड ट्रम्पले देशको पहिचानमाथि नयाँ खतरा उत्पन्न भएको दाबी गर्दै कडा राजनीतिक सन्देश दिएका छन् । उनले देशभित्रैबाट ‘कट्टरपन्थी र अतिवादीहरू’ बाट चुनौती बढेको आरोप लगाए ।

देशभक्तिले ओतप्रोत भाषणका क्रममा राष्ट्रपति ट्रम्पले ‘अमेरिकी विशिष्टता’को प्रशंसा गर्दै माउन्ट रसमोरमा उभिएर राष्ट्रका चार महान् पूर्ववर्ती नेताहरूलाई श्रद्धा व्यक्त गरे । सोही ऐतिहासिक स्मारकको फेदमा उनले भने, ‘हामी यस भव्य वार्षिकोत्सवको नजिक पुग्दै गर्दा हाम्रो अमेरिकी पहिचानमाथि नयाँ आक्रमण भइरहेको देखिरहेका छौँ ।’

उनले ‘देशभित्र कम्युनिष्ट खतरा पुनःबढिरहेको’ आरोप लगाए । डेमोक्रेटिक पार्टीभित्रको वामपन्थी धारलाई लक्षित गर्दै ट्रम्पले पछिल्ला हप्ताहरूमा यस्ता टिप्पणी दोहो¥याउँदै आएका छन् ।

‘हालैका वर्षहरूमा हाम्रो विशिष्ट चरित्र परिवर्तन गर्ने, अमेरिकी भावनालाई कमजोर पार्ने र इतिहासबाट टाढा लैजाने अस्वीकार्य प्रयास हुँदै आएको छ,’ ट्रम्पले भने ।

यद्यपि उनको भाषण अपेक्षाकृत नरम शैलीको भए पनि सन्देश स्पष्ट रूपमा राजनीतिक थियो । उनले थप भने, ‘तपाईं यहीँ जन्मिनु आवश्यक छैन, तर हामीले निर्माण गरेको कुरालाई तपाईंले माया गर्नैपर्छ ।’

माउन्ट रसमोरजस्तो ऐतिहासिकस्थलमा गरिएको यो सम्बोधनलाई ट्रम्पका समर्थकहरूले प्रतीकात्मक महत्वपूर्ण अवसरका रूपमा लिएका छन् । केहीले जर्ज वासिङ्टन, थोमस जेफरसन, अब्राहम लिङ्कन र थियोडोर रुजवेल्टसँगै ट्रम्पको आकृति पनि कुँद्नुपर्ने प्रस्ताव अघि सारेका छन् ।

यसैबीच, ट्रम्पले आगामी जुलाई ४ मा वाशिङ्गटनको नेशनल मलमा चुनावी शैलीको राजनीतिक सभा गर्ने घोषणा गरेका छन्, जहाँ सैन्य जेट विमानहरूको उडान र विशाल आतिशबाजी प्रदर्शन हुने बताइएको छ ।

राष्ट्रिय एकताको अवसर मानिने वार्षिकोत्सव नजिकिँदै गर्दा अमेरिकामा राजनीतिक विभाजन अझ गहिरिँदै गएको देखिन्छ । इरानसँगको तनाव, बढ्दो जीवनयापन लागत र आप्रवासन नीतिलाई लिएर ट्रम्प प्रशासन आलोचनाको सामना गरिरहेको छ ।

हालैका सर्वेक्षणहरूमा अमेरिकी ‘ड्रीम’ प्रति जनविश्वास कमजोर भएको देखिएको छ । क्विनिपियाक विश्वविद्यालयको सर्वेक्षणअनुसार ६१ प्रतिशत अमेरिकीले देश स्वतन्त्रताको घोषणापत्रमा उल्लेखित आदर्शअनुसार नचलेको धारणा राखेका छन् ।

यसैबीच, लसएन्जलसकी शिक्षिका एमी किमाराले एएफपीलाई भने, ‘जुलाई ४ स्वतन्त्रताको दिन हो, तर अहिलेको राजनीतिक अवस्थाका कारण यो उत्साहजनक लाग्दैन ।’ एएफपी

# अर्जेंटिना विश्वकपको अन्तिम १६ मा प्रवेश



**काठमाडौँ ।**
साविक विजेता अर्जेन्टिनाले केप भर्डेलाई पराजित गर्दै फिफा विश्वकप–२०२६ को अन्तिम १६ मा प्रवेश गरेको छ । अमेरिकाको मियामी खेलमैदानमा भर्खरै सम्पन्न राउन्डअफ ३२ को खेलमा अर्जेन्टिनाले केप भर्डेमाथि ३–२ को जीत निकाल्दै विश्वकपको अन्तिम १६ मा प्रवेश गरेको हो ।

खेलको २९औँ मिनेटका कप्तान लियोनल मेसीले गोल गर्दै अर्जेन्टिनालाई पहिलो अग्रता दिलाए । अर्जेन्टिनाले खेलको पहिलो हाफसम्म १–० गोलको अग्रता बनाएको थियो । तर खेलको ५९औँ मिनेटमा केप भर्डेका डेरोय डुआर्टेले गोल गर्दै खेललाई एक–एक गोलको बराबरीमा ल्याए ।

खेलको निर्धारित समयमा १–१ को बराबरी भएपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो । अतिरिक्त समयको दोस्रो मिनेटमा अर्जेन्टिनाले अग्रता लियो । अर्जेन्टिनाका लागि लिसान्ड्रो मार्टिनेजले गोल गरे । त्यसपपछि थप गरिएको अतिरित्त समयको ११औँ मिनेटपछि सिड्नी लोप्स क्याब्रलले उत्कृष्ट गोल गर्दै केड भर्डेलाई दोस्रोपटक बराबरीमा फर्काए । तर खेलको १११औँ मिनेटमा केप भर्डेका खेलाडी डाइनी बोर्जेसले आत्मघाती गोल गरेपछि अर्जेन्टिनाको जित सुनिश्चित भएको हो ।

# वाणिज्य बैङ्कद्वारा अनलाइन कर्जा आवेदन सुरु




**काठमाडौँ ।**
राष्ट्रिय वाणिज्य बैङ्कले आजदेखि अनलाइन कर्जा आवेदन सेवाको सुरुवात गरेको छ ।

बैङ्कले शासकीय सुधारसम्बन्धी १०० बँदे कार्ययोजना अनुसार प्रभावकारी ग्राहक सेवालाई मध्यनजर गर्दै अनलाइन कर्जा आवेदन सेवा सुरुवात गरेको हो ।

राष्ट्रिय वाणिज्य बैङ्कका उप कार्यकारी अधिकृत तथा सूचना अधिकारी पवन रेग्मीले कर्जा प्राप्तिको प्रक्रिया, आवश्यक कागजात र आफ्नो आवेदनको अवस्था बारे ग्राहक वर्गमा रहने जिज्ञासा तथा अन्योललाई पूर्ण रूपमा सम्बोधन गर्न बैङ्कले डिजिटल माध्यमबाटै घरमै बसी कर्जा आवेदन दिन सकिने सुविधा सञ्चालनमा ल्याएको बताए ।

‘बैङ्कको यस प्रयासमार्फत कर्जा प्रक्रियालाई छिटोछरितो, झन्झटरहित र पारदर्शी बनाइनेछ,’ उनले भने, ‘अनलाइन कर्जा आवेदनका लागि बैङ्कको आधिकारिक वेबसाइटमार्फत अनलाइन लोन एप्लिकेसनको लिङ्कमा क्लिक गरी ९आरबिबि स्मार्ट लेन्डिङ डिजिटल लोन पोर्टल RBB Xmart Lending Digital Loan Portal मा जानुपर्नेछ ।’ बैङ्कका अनुसार पोर्टलमा दर्ता हुन इमेल, युजरनेम र पासवर्ड राखी युजर रजिष्ट्रेसनमार्फत दर्ता गर्नुपर्नेछ । रासस

# दुई पालिका जोड्ने निर्माणाधीन पुललाई दुई करोड



**तनहुँ ।**
दुई पालिका जोड्ने निर्माणाधीन मोटरवेल पुलका लागि गण्डकी प्रदेश सरकारबाट दुई करोड रुपैयाँ बजेट विनियोजन भएको छ । व्यास नगरपालिका र ऋषिङ गाउँपालिका जोड्ने सेती नदीमाथि निर्माणाधीन पुलका लागि प्रदेश सरकारले आर्थिक वर्ष २०८३–८४ का लागि दुई करोड रुपैयाँ बजेट विनियोजन गरेको हो । विसं २०७७ चैत २३ गतेदेखि निर्माण सुरु भएको पुल निर्माण व्यवसायीको लापर्वाही र बजेट अभावका कारण समयमा सम्पन्न हुनसकेको छैन । व्यास–३, देउरालीनगर र ऋषिङ–१, झापुटार जोड्ने सेती नदीमाथि निर्माणाधीन पुलको कामले पछिल्लो केही समय गति लिएको छ ।

जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख रवीन्द्र तिवारीले भने, ‘अहिले पुल निर्माण तीव्र गतिमा काम भइरहेको छ । केही समय काम अलपत्र बनेपनि निर्माण व्यवसायीलाई कामका लागि ताकेतासहित निर्देशन दिएपछि कामले पुनः गति लिएको हो । अब तोकिएकै समयभित्र सम्पन्न हुने विश्वास लिइएको छ ।’

पुल तीन वर्षमा निर्माण सम्पन्न गर्ने म्याद थियो । सम्झौताअनुसार काम सम्पन्न गरिएको थियो भने अहिले पुलमाथि सवारी आवागमन सञ्चालन भइसक्ने थियो । तर निर्माण व्यवसायीको ढिलासुस्तीका कारण उक्त पुलको काममा ढिलाइ भएको तिवारीले बताउनुभयो । हालसम्म चार पटक म्याद थप भइसकेको र अन्तिम पटकका लागि विसं २०८३ असोज ३० गतेसम्म समयसीमा तोकिएको उनले जानकारी दिए ।

तिवारीले भने, ‘झापुटारतर्फ स्पानमाथि स्टिलको काम करिब सकिएको छ । व्यासतर्फको स्पानको स्टिल जोडेपछि करिब ८५ प्रतिशत काम सम्पन्न हुनेछ ।’ उनका अनुसार गण्डकी प्रदेश सरकारको ३२ करोड ४० लाख २७ हजार ३ सय ९४ रुपैयाँको लागतमा पुल निर्माण हुन लागेको हो । पुल निर्माणका लागि रसुवा इलाइट जेभी काठमाडौँसँग सम्झौता भएको थियो । एक सय ५४ मिटर लामो रहने पुलको चौडाइ नौ दशमलव ५० मिटर रहनेछ । पाइल फाउण्डेशनमा निर्माण हुने पुल स्टिल ट्रसको हुनेछ ।

पुल निर्माणपछि व्यास नगरपालिका र ऋषिङ गाउँपालिकाका सर्वसाधारणलाई आवतजावतमा सहज हुनेछ । हाल सोही ठाउँमा झोलुङ्गे पुल रहेकाले सर्वसाधारणले जोखिमपूर्ण यात्रा गरिरहेका छन् । त्यसको करिब एक किलोमिटर माथि तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा पक्की पुल निर्माण गरिएको छ । त्यहाँबाट दमौली आउनुपर्दा करिब तीन किमी दूरी तय गर्नुपर्छ । तर अहिले पुल निर्माण भइरहेको ठाउँबाट दमौली आउन पाँच सय मिटर दूरी पनि छैन । रासस

# सेवानिवृत्त राष्ट्रसेवक कर्मचारीले पाउने भुक्तानी असार २५ गतेसम्म हुने

**काठमाडौँ ।**
महालेखा नियन्त्रक कार्यालयले सेवानिवृत्त हुने राष्ट्रसेवक कर्मचारीको असार २५ गतेसम्म सुविधाबापतको रकम निकासा गरी भुक्तानी गर्न–गराउनका लागि सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई निर्देशन दिएको छ ।

महालेखा नियन्त्रक कार्यालयका लेखा अधिकृत सुभाषचन्द्र अर्यालले पत्राचार गरेर सेवानिवृत्त कर्मचारीको सुविधामध्ये उपदान, सञ्चित बिदा र औषधीउपचार बापत पाउने रकम भुक्तानी गर्नु–गराउनुहुन अनुरोध गरिएको बताए ।

कार्यालयको यही असार १९ गतेको निर्णयअनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (२) बमोजिम भुक्तानी निकासा गर्न–गराउन अख्तियारीको अवधि थप गरिएको लेखा अधिकृत अर्यालले जानकारी दिए । यसअघि कार्यालयले असार २० गतेसम्म मात्रै भुक्तानी तथा निकासा गर्ने भने पनि केही समयको लागि अवधि बढाइएको जनाएको छ । रासस



खेत खनजोत गर्दै महिलाः दाङको घोराही उपमहानगरपालिका –१२स्थित ज्यामिरेखोलामा खेत खनजोत गर्दै महिला किसान । तस्विरः रासस

# नारायणघाट–बुटवल सडकः पूर्वी खण्डमा कालोपत्रे सम्पन्न



**नवलपरासी ।**
नारायणघाट–बुटवल सडक विस्तार आयोजनाको पूर्वी खण्डमा मुख्य सडकको सम्पूर्ण कालोपत्रे तथा ढलान सडक निर्माण सम्पन्न भएको छ ।

आयोजनाको पूर्वी खण्ड अन्तर्गत पेभमेन्ट तर्फको बाइन्डर कोर्स, वेयरिङ कोर्स (अन्तिम कालोपत्रे) र कङ्क्रिट पेभमेन्ट (ढलान सडक) को सम्पूर्ण निर्माण आजदेखि सम्पन्न भएको नारायणघाट–बुटवल सडक आयोजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवं इञ्जिनियर शिव खनाले जानकारीदिनु भयो । 'मुख्य सडकको कालोपत्रे र ढलान सडक निर्माण सम्पन्न भइसकेको छ । अब सडक सुरक्षा अन्तर्गतका कामहरू मात्र बाकीँ रहेका छन्,' उनले भने, 'यो सँगै सडक आयोजनाको पूर्वी खण्डको समष्टिगत भौतिक प्रगति ९२.३८ प्रतिशत पुगेको छ ।' उनका अनुसार निर्माण सम्पन्न भइसकेका अधिकांश खण्डमा सवारी आवागमन सहज भइसकेको छ भने बाँकी रहेका सहायक संरचनाको काम पनि अन्तिम चरणमा पुगेको छ ।

एसियाली विकास बैंक (एडीबी) को सहुलियतपूर्ण ऋण सहयोगमा निर्माण भइरहेको १ सय १३ किलोमिटर लामो नारायणघाट–बुटवल सडक आयोजना दुई खण्डमा विभाजन गरी कार्यान्वयन भइरहेको छ । गैँडाकोटदेखि दाउन्नेसम्म करिब ६५ किलोमिटर पूर्वी खण्ड र दाउन्नेदेखि बुटवलसम्म करिब ४८ किलोमिटर पश्चिमी खण्ड निर्माणाधीन छन् ।

सन् २०१९ मा चीनको चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनसँग निर्माण सम्झौता भएको आयोजना कोभिड–१९ महामारी, वन क्षेत्रको रूख कटानमा ढिलाइ, विद्युत् तथा खानेपानीका संरचना स्थानान्तरण, नदीजन्य निर्माण सामग्रीको आपूर्ति समस्या तथा अन्य प्राविधिक कारणले निर्धारित समयमा सम्पन्न हुन सकेको थिएन ।

पछिल्ला महिनामा निर्माण कार्यले उल्लेखनीय गति लिएसँगै पूर्वी खण्डमा मुख्य सडकको सम्पूर्ण कालोपत्रे सम्पन्न भएको हो । यसअघि अधिकांश पुल, कल्भर्ट, नाला, सेवा सडक र अन्य पूर्वाधार निर्माण सम्पन्न भइसकेका छन् ।

सूचना अधिकारी खनालले बाँकी रहेका सडक सुरक्षा तथा सौन्दर्यीकरणसँग सम्बन्धित काम पनि क्रमशः सम्पन्न गरी आयोजना पूर्ण रूपमा हस्तान्तरण गर्ने तयारी भइरहेको जानकारी दिए ।

देशकै अत्यधिक सवारी चाप हुने पूर्व–पश्चिम राजमार्गअन्तर्गतको यो सडक विस्तार आयोजना सम्पन्न भएपछि नारायणघाट–बुटवल यात्रा थप सुरक्षित, सहज र छोटो हुने अपेक्षा गरिएको छ । यसले गण्डकी, लुम्बिनी र बागमती प्रदेशबीचको आवागमन, व्यापार तथा पर्यटन प्रवर्द्धनमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । रासस

# छ जिल्ला पूर्ण खोप सुनिश्चित घोषणा

**गण्डकी ।**
गण्डकी प्रदेशको कास्की, स्याङ्जा, पर्वत, म्याग्दी, मुस्ताङ र मनाङलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको जिल्ला घोषणा गरिएको छ । बाँकी पाँच जिल्ला घोषणाको तयारीमा रहेको प्रादेशिक जनस्वास्थ्य केन्द्रले जनाएको छ । बिहीबार कास्कीलाई घोषणा गरिएसँगै यस वर्ष पूर्ण खोप सुनिश्चित भएका जिल्लाको सङ्ख्या छ पुगेको हो ।

आगामी शनिबार बागलुङ, आइतबार लमजुङ, सोमबार गोरखा र तनहुँलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको जिल्ला घोषणा गनिने केन्द्रका खोप अधिकृत एकनारायण लम्सालले बताए । नवलपुरलाई यही असार मसान्तभित्र घोषणा गर्ने गरी तयारी भइरहेको उनको भनाइ छ । जन्मेदेखि २३ महिनाभित्रका बालबालिकाले आवश्यक सबै खोप पाएपछि पूर्ण खोप सुनिश्चितता एवं दिगोपना घोषणा गर्ने गरिएको छ ।

पहिलोपटक विसं २०७५ मा गण्डकी प्रदेश नै पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा भएपनि त्यसयता बर्सेनि हरेक स्थानीय तह, जिल्ला र प्रदेशलाई पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा गर्ने गरिएको खोप अधिकृत लम्सालले बताए ।

'जन्मेदेखि २३ महिना उमेर समूहका बालबालिकाले १३ प्रकारका रोगविरुद्ध लगाइने सम्पूर्ण खोप पाएपछि पूर्ण खोप सुनिश्चितता एवं दिगोपना घोषणा गर्ने गरिएको छ,' उनले भने, 'कोही पनि बालबालिका खोप पाउनबाट बञ्चित हुनु नपरोस् भनेर यो अभियान सञ्चालन हुने गर्छ ।' घोषणासँगै यसको दिगोपनाका लागि वैशाख महिनालाई खोप महिनाका रूपमा घोषणा गरी 'खोज र खोप' अभियान सञ्चालन गर्ने गरिएको छ ।

खोप कार्यक्रमलाई तीनै तहका सरकारले प्राथमिकता दिँदै आएका छन् । मा◌ृत तथ नवशिशु मृत्युदर घटाउन पूर्ण खोप अभियानले सहयोग पु¥याइरहेको खोप अधिकृत लम्सालले बताए । प्रदेशका झण्डै २५ हजार बालबालिकालाई नियमित खोपको दायरामा ल्याइएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ । सबै जिल्ला घोषणा भएपछि गण्डकीलाई पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गर्ने तयारी छ । रासस

# बडीमालिकाका दुईवडालाई छाउपडी गोठ मुक्तघोषणा

**बाजुरा ।**
जिल्लाको बडीमालिका नगरपालिकाका वडा १ र ७ लाई छाउपडी गोठमुक्त वडाका रूपमा घोषणा गरिएका छन् ।

नगर उपप्रमुख नन्दा थापाले हालै आयोजित कार्यक्रममा ती वडालाई छाउपडी गोठमुक्त वडा घोषणा गरेका हुन् । छाउपडी गोठमुक्त वडा घोषणाका लागि न्यूनतम मापदण्ड पूरा गर्नुपर्नेछ । बडीमालिका नगरपालिका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख केशरी रोकायाले नगरपालिकाको ती दुई वटै वडालाई छाउपडी गोठमुक्त वडाका रूपमा घोषणा गरिएको जानकारी दिएका छन् ।

महिला तथा बालबालिका शाखाले सञ्चालन गर्दै आएको महिलासँग उपप्रमुख कार्यक्रममार्फत वडामा रहेका गोठको अनुगमन गरी उनीहरूलाई छाउ प्रथाको अभिमुखीकरणपछि गोठमुक्त घोषणा गरिएको वडा नम्बर ७ की वडा सचिव सरिता ठकुल्लाले जानकारी दिए । उनका अनुसार महिनाबारी भएका महिलालाई घरमै बस्ने वातावरण बनाउने गरी वडालाई औपचारिक कार्यक्रमका बीच छाउपडी गोठमुक्त वडा घोषणा गरिएको हो । वडामा रहेका जिल्ली, ढम्कने, सुनकाना, सिराडी, रजातोली टोलमा स्थानीयले महिला महिनाबारी भएका बेला बस्ने घरभन्दा टाढा बनाइएका गोठको अनुगमन गरी भत्काइएको थियो । वडामा पटक पटक जनप्रतिनिधि, सुरक्षाकर्मी, कर्मचारी र पत्रकारसहित बाल क्लव, महिला आमा समूहले अनुगमनसँगै वडाका प्रत्येक टोलमा रहेका महिला आमा समूह र बालक्लवको सक्रियतापछि वडालाई पालिकाको चारऔँ वडामा रूपमा छाउपडी गोठमुक्त घोषणा गरिएको वडा कार्यालयले जनाएको छ । वडामा रहेका नागरिकले बनाएका छाउपडी गोठ प्रयोग विहीन र भत्काइएको हो । वडामा रहेका पहिलो चरणको अनुगमनमा १८ वटा छाउ गोठ भेटिएको र दोस्रो चरणमा १२ छाउगोठसहित ३० वटा छाउगोठ रहेको तथ्याङ्क वडाले सार्वजनिक गरेको छ ।

नगरपालिकालाई नै छाउपडी गोठमुक्त पालिका घोषणा गर्ने गरी वडामा रहेको गोठको न्यूनिकरण गरी वडामा छाउ गोठलाई निरुपण गर्ने गरी पालिकाले काम गर्दै आएको छ । रासस

# घरपझोङमा चक्रपथ निर्माण सम्पन्न आवागमन सहज



**मुस्ताङ ।**
गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक योजना' अन्तर्गत यहाँको घरपझोङ गाउँपालिकामा चक्रपथ निर्माण सम्पन्न भएको छ । सडक आयोजना सात वर्षमा निर्माण सम्पन्न भएसँगै आवागमन सहज भएको स्थानीयले बताएका छन् ।

पूर्वाधार विकास कार्यालय मुस्ताङबाट कार्यान्वयनमा आएको चक्रपथ सडक सदरमुकाम जोमसोम, ठिनी, ढुम्बा, छैरो, मार्फा हुँदै पुनः जोमसोम जोड्ने १० दशमलव पाँच किलोमिटर हालै निर्माण सम्पन्न भएको पूर्वाधार विकास कार्यालयका इन्जिनियर सुरेश पाण्डेले बताए ।

विसं २०७७ माघसम्म निर्माण सम्पन्न गर्नेगरी विसं २०७६ असार २६ गते ठेक्का सम्झौता भएको थियो । कोभिड माहामारी, हिमपात, प्रतिकूल मौसम, निर्माण कम्पनीको ढिलासुस्तीलगायत कारणले काम सम्पन्न हुने नसकेको उनले उल्लेख गरे । सुरुआती ठेक्का सम्झौता अवधि डेढ वर्ष तोकिए पनि पटकपटक म्याद थप गरी सात वर्षमा निर्माण सम्पन्न भएको हो । इन्जिनीयर पाण्डेका अनुसार चक्रपथ २१ करोड ३५ लाख ६१ हजार रुपैयाँ लागतमा बन्दन भगवती जलजला जेभी कन्ट्रक्सनले निर्माण गरेको हो । दश दशमलव पाँच किमीमध्ये पाँच दशमलव पाँच किमी सडक 'प्रिमिक्स' प्रविधिबाट कालोपत्र गरिएको जनाउँदै बाँकी ग्राभेल गरिएको उनले बताए ।

यसैबीच, निर्माण कम्पनीले ट्राफिक सङ्केतका चिह्न अङ्कित खम्बा गाड्ने, नाली सफा गर्ने, सडकको जोखिमयुक्त स्थानमा सवारी दुर्घटना न्यूनीकरणका लागि बार लगाउनेलगायतका कार्य सम्पन्न भइसकेका इन्जिनियर पाण्डेले जानकारी दिए ।

राष्ट्रिय गौरवको बेनी–जोमसोम सडकलाई जोड्ने गरी घरपझोङ गाउँपालिकास्थित कालिगण्डकी पारिका ओझेलमा परेका गाउँ जोड्ने गरी चक्रपथ निर्माण गरिएको । पूर्वाधार विकास कार्यालय मुस्ताङले जनाएको छ ।

घरपझोङ गाउँपालिकाका पाच वटै वडा जोड्ने चक्रपथ निर्माणले स्थानीय नागरिकलाई सदरमुकाम जोमसोम आउन जान सहज भएको घरपझोङ–५ का वडाध्यक्ष प्रदीप थकालीले बताए । उनका अनुसार यसअघि कालिगण्डकी पारिका गाउँमा सडकको पहुँच नहुँदा उत्पादित कृषिउपजको बजारीकरणमा समस्या आएको थियो ।

यसैगरी घरपझोङ चक्रपथ सडकअन्तर्गत जोमसोमबाट ढुम्बातालसम्म कालोपत्र विस्तार गरिएपछि मुक्तिनाथ दर्शन गरी फर्किएका पर्यटकलाई आवागमनमा सहज भएका वडाध्यक्ष थकालीले बताए । 'सडक स्तरोन्नतिसँगै मुक्तिनाथ हुँदै ढुम्बातालको अवलोकन गर्न आएका पर्यटकका लागि यातायातको सुविधा विस्तार भएको छ । यसले पर्यटन प्रवद्र्धन गर्ने विश्वास छ,' उनले भने । रासस

# मुक्तिनाथबाट फर्किने भारतीय पर्यटकले बागलुङमा चहलपहल



**बागलुङ ।**
मुक्तिनाथ दर्शनका लागि आउने भारतीय तीर्थयात्रीको संख्या बढेसँगै बागलुङका धार्मिक तथा पर्यटकीय गन्तव्यमा पनि चहलपहल बढेको छ । मुक्तिनाथबाट फर्किने पर्यटकले बागलुङ कालिका मन्दिर, शालीग्राम सङ्ग्रहालय, पञ्चकोटलगायतका स्थल भ्रमण गर्न थालेका छन् ।

कालीगण्डकी करिडोरमार्फत भैरहवाबाट मुक्तिनाथ पुग्ने सडक सञ्चालनमा आएपछि तथा पोखरा आएका पर्यटक बागलुङतर्फ पनि आकर्षित हुन थालेपछि यहाँका होटलमा भारतीय पर्यटकको उपस्थितिसमेत उल्लेख्य रूपमा बढेको छ ।

भारतबाट आएका तीर्थयात्री आशुतोष नमादले बागलुङ कालिका मन्दिर, शालीग्राम सङ्ग्रहालय, पञ्चकोट र कालीगण्डकी नदीमाथि बनेको लामो झोलुङ्गे पुलको भिडियो बनाएर टिकटक तथा सामाजिक सञ्जालमा सार्वजनिक गर्नुभएको छ । उनले मुक्तिनाथदेखि बागलुङसम्मका धार्मिक स्थललाई एउटै धार्मिक सर्किटका रूपमा प्रवद्र्धन गर्नुपर्ने धारणा व्यक्त गरे ।

भारतको अयोध्याबाट आउनुभएका बालकृष्ण आचार्य शालीग्राम सङ्ग्रहालय देखेर निकै प्रभावित हुनुभयो । 'हामीले घरमा एक–दुई वटा शालीग्राम राखेर पूजा गर्दै आएका थियौँ । यहाँ त विशाल सङ्ग्रहालयमै दर्शन गर्ने अवसर मिल्यो,' उनले भने, 'हामी यस क्षेत्रको प्रचार गरेर थप तीर्थयात्रीलाई यहाँ आउन प्रेरित गर्नेछौँ ।'

सङ्ग्रहालयमा करिब एक लाख १५ हजार शालीग्राम १५० मिटर लामो सुरुङभित्र व्यवस्थित रूपमा राखिएको छ । कालीगण्डकी नदीमा मात्रै पाइने शालीग्राम नदी दोहनका कारण दुर्लभ बन्दै गइरहेका बेला तिनको संरक्षणका लागि सङ्ग्रहालय स्थापना गरिएको हो। यहाँ आन्तरिक तथा भारतीय पर्यटक नियमित रूपमा आउने गरेका छन् ।

शालीग्राम सङ्ग्रहालयका संरक्षक ऋषि प्रपन्नाचार्यका अनुसार औपचारिक तथ्याङ्क नराखिए पनि वार्षिक करिब एक लाख पर्यटकले सङ्ग्रहालय अवलोकन गर्ने गरेका छन् । तीमध्ये ३० हजारभन्दा बढी भारतीय पर्यटक रहेको अनुमान छ । सात वर्षअघि स्थापना भएको यो सङ्ग्रहालय मुक्तिनाथ दर्शन गरेर फर्किने अधिकांश पर्यटकको रोजाइमा पर्ने गरेको उनले बताए ।

शुद्ध शाकाहारी भोजन रुचाउने तीर्थयात्रीका लागि स्थानीय होटलका साथै मुक्तिनाथ वेद विद्याश्रम पाठशालाको आश्रममा समेत बसोबासको व्यवस्था गरिएको छ । मुक्तिनाथ भ्रमणमा आउने अधिकांश भारतीय पर्यटक सातदेखि १० दिनको प्याकेज यात्रामा नेपाल आउने र त्यसक्रममा एकदेखि डेढ दिन बागलुङमा बिताउने गरेका छन् ।

भारतको मायापुरबाट आएका माधव हरिदासले शालीग्राम सङ्ग्रहालय भ्रमणबाट आध्यात्मिक शान्ति प्राप्त भएको अनुभव सुनाए । 'संसारका धेरै स्थान घुमेँ, तर एकै ठाउँमा यति धेरै शालीग्रामको दर्शन गर्ने अवसर पहिलो पटक पाएँ,' उनले भने ।

प्रपन्नाचार्यका अनुसार भारतको केरल, आन्ध्र प्रदेश, गुजरातलगायतका राज्यबाट धेरै तीर्थयात्री बागलुङ आउने गरेका छन् । पछिल्ला वर्षमा भारतका चर्चित कलाकार, व्यवसायी तथा नेपाल–भारत प्रवद्र्धनात्मक भ्रमणमा आएका टोलीले समेत बागलुङलाई भ्रमण सूचीमा समावेश गर्न थालेका छन् ।

पोखरा पर्यटन परिषद्का महासचिव जीवनराज सापकोटाले भारतीय पर्यटक बागलुङका धार्मिक तथा प्राकृतिक गन्तव्यप्रति आकर्षित हुँदै गएको बताए । करिब पाँच सय वर्ष पुरानो इतिहास बोकेको बागलुङ कालिका मन्दिर र पञ्चकोट अहिले प्रमुख आकर्षणका रूपमा स्थापित हुँदै गएका छन् । बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काका अनुसार कालीगण्डकी सभ्यता र यसको धार्मिक महत्वबारे जानकारी लिन चाहने पर्यटकको संख्या पनि बढ्दो छ । भारतबाट आउने तीर्थयात्रीले जनकपुर, लुम्बिनी, पशुपतिनाथ र मुक्तिनाथसँगै शालीग्राम सङ्ग्रहालयलाई पनि यात्राको महत्वपूर्ण गन्तव्य बनाउन थालेका छन् ।

गण्डकी प्रदेश सरकारले मुक्तिनाथ–बागलुङ कालिका–पञ्चकोट क्षेत्रलाई धार्मिक सर्किटका रूपमा विकास गर्ने योजना बजेटमार्फत सार्वजनिक गरेपछि स्थानीयमा थप उत्साह बढेको छ ।

बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले पर्यटन नै स्थानीय समृद्धिको प्रमुख आधार भएको बताए । 'पर्यटक बढे स्थानीय उत्पादनको माग बढ्छ, किसानको आम्दानी पनि वृद्धि हुन्छ,' उनले भने । उनका अनुसार पर्यटकमैत्री वातावरण निर्माण, सरसफाइ तथा पर्यटकको रोजाइअनुसारका सेवा र परिकार विकासमा स्थानीय तह र निजी क्षेत्रले पहल गरिरहेका छन् । रासस

## झालाई विश्व सञ्जय बज्जिका पाण्डुलिपि पुरस्कार

**मधेशदृष्टि**
**रौतहट।**
विश्व सञ्जय बज्जिका साहित्य कोष अक्षय कोषअन्तर्गत प्रदान गरिने विश्व सञ्जय बज्जिका पाण्डुलिपि पुरस्कार २०२६ महोत्तरीका साहित्यकार अजय कुमार झालाई प्रदान गरिएको छ। रौतहटको गरुडा नगरपालिका–५ स्थित गोपाल सेवा समिति भवन, महम्मदपुरमा आयोजित समारोहमा पुरस्कार प्रदान गरिएको हो। विश्व सञ्जय बज्जिका साहित्य कोषको आयोजनामा तथा बज्जिका साहित्य संगम, रौतहटको व्यवस्थापनमा सम्पन्न कार्यक्रमका पुरस्कारका संस्थापक समाजसेवी महानन्द झा रहेका छन्।



कार्यक्रमको अध्यक्षता बज्जिका साहित्य संगम, रौतहटका अध्यक्ष किसुनदयाल यादव 'श्रीकृष्ण'ले गरेका थिए भने प्रमुख अतिथिका रूपमा बज्जिका साहित्य समाज, सर्लाहीका अध्यक्ष रामचन्द्र महतोको उपस्थिति थियो।

अध्यक्ष किसुनदयाल यादव 'श्रीकृष्ण'ले बज्जिका भाषा र साहित्यको संरक्षण तथा प्रवद्र्धनका लागि सबै स्रष्टा र सरोकारवालाहरूबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमले स्रष्टाहरूलाई थप ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गरे। प्रमुख अतिथि रामचन्द्र महतोले बज्जिका भाषाको मौलिकता जोगाउँदै साहित्य सिर्जनालाई अझ सशक्त बनाउन आवश्यक रहेको बताउँदै पुरस्कार तथा सम्मानले स्रष्टाहरूलाई सिर्जनशील यात्रामा प्रेरणा दिने धारणा राखे। कार्यक्रम सञ्चालन गर्दै साहित्यकार सञ्जय साह मित्रले बज्जिका भाषा, साहित्य र संस्कृतिको विकासका लागि सबैको साझा प्रतिबद्धता आवश्यक रहेको उल्लेख गर्दै कार्यक्रममा सहभागी सम्पूर्ण अतिथि तथा साहित्यकारप्रति आभार व्यक्त गरे।

कार्यक्रममा नेपाल र भारतका विशिष्ट अतिथिहरूलाई अन्तर्राष्ट्रिय बज्जिका दूत सम्मान २०२६ प्रदान गरी सम्मानित गरिएको थियो।

पुरस्कार विजेता साहित्यकार अजय कुमार झाद्वारा लिखित 'दृष्टिकोण'कृतिको लोकार्पण पनि गरिएको थियो।

समारोहमा प्रतिक दैनिकका प्रकाशक तथा सम्पादक जगदीश शर्मा, साहित्यकार विश्वराज अधिकारी, मणिभूषण अकेला, शिवचन्द्र साह, विन्दा साहनीलगायत बज्जिका साहित्यकार तथा साहित्यप्रेमीहरूको उल्लेखनीय सहभागिता थियो। कार्यक्रममा सहभागीहरूका लागि बिबिसी कम्पनीद्वारा उत्पादित बज्जिका ठेकुवाको खाजा व्यवस्थापन गरिएको थियो।

बजिकान्चल मिडियाका सञ्चालक आरके श्रीवास्तवले बज्जिका पत्रकारिताको प्रवद्र्धन गर्ने उद्देश्यले बज्जिका पत्रकारहरूका लागि छुट्टै पुरस्कार स्थापना गर्ने घोषणा गरे। घोषणाको कार्यक्रममा उपस्थित साहित्यकार तथा सञ्चारकर्मीहरूले स्वागत गरेका थिए।

## कानुनी ज्ञानको अभावले अदालतमा मुद्दाको चापः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले कानूनी ज्ञानको अभावका कारण अदालतहरूमा मुद्दाको चाप बढ्दै गएको बताएका छन्।

मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेशले जनकपुरधाममा आयोजना गरेको 'समसामयिक तथा संवैधानिक कानुनी सवालमा छलफल तथा अन्तरक्रिया' कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले कानुनसम्बन्धी पर्याप्त जानकारीको अभावका कारण धेरै नागरिक अनजानमै कानुन उल्लंघन गर्ने अवस्थामा पुग्ने गरेको बताए।

उनले नेपाल अझै पूर्ण रूपमा कानुनी रूपमा सचेत समाज बन्न नसकेको उल्लेख गर्दै प्रत्येक नागरिकमा कानूनी शिक्षा र चेतना विस्तार गर्न आवश्यक रहेको धारणा राखे। जघन्य अपराधमा संलग्न व्यक्तिलाई कानुनअनुसार कारबाही हुनुपर्ने भए पनि सामान्य प्रकृतिका गल्तीका घटनामा व्यवहारिक पक्षलाई समेत ध्यान दिनुपर्ने उनले बताए।

मुख्यमन्त्री यादवले नेपालका कारागारमा रहेका सबै कैदी वास्तविक अर्थमा दोषी नै छन् भन्ने निष्कर्षमा पुग्न नसकिने उल्लेख गर्दै कतिपय व्यक्ति कागजी प्रमाणका आधारमा मात्रै कैद जीवन बिताइरहेको अवस्था रहेको दाबी गरे।

कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले न्याय प्रणालीलाई समयानुकूल बनाउनु आवश्यक रहेको बताए। संविधान समय, समाज र आवश्यकताअनुसार परिमार्जन हुँदै जाने भएकाले कानुन र न्याय प्रणालीमा पनि सोहीअनुसार सुधार र परिवर्तन आवश्यक रहेको उनको भनाइ थियो।मन्त्री महतोले सामाजिक, सांस्कृतिक तथा भाषिक विविधतायुक्त मधेश प्रदेशमा सबै नागरिकको न्यायमा पहुँच सुनिश्चित गर्न न्याय प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याए।मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता सुनिल रञ्जन सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी, उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरू लगायत कानुन क्षेत्रका सरोकारवालाको सहभागिता रहेको थियो।

## हुलाकी सडकको दुरावस्थाविरुद्ध सिरहामा राष्ट्रिय बहुभाषिक कवि सम्मेलन हुने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
तराई–मधेशको जीवनरेखा मानिने हुलाकी सडक तथा यसअन्तर्गतका पुलहरूको जीर्ण अवस्थाप्रति सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले सिरहामा राष्ट्रिय बहुभाषिक कवि सम्मेलन आयोजना गरिने भएको छ।

हुलाकी सडक संघर्ष समितिको आयोजनामा आगामी साउन २ गते शनिबार सिरहाको बरियारपट्टीस्थित श्री जनता माध्यमिक विद्यालय मा सम्मेलन आयोजना गर्न लागिएको हो।

आयोजकका अनुसार राणाकालदेखि निर्माण सुरु भएर पनि पूर्णता पाउन नसकेको हुलाकी सडक तथा विशेषगरी धनुषा–सिरहा जोड्ने कमला नदीमा निर्माणाधीन पुलको लामो समयदेखिको अलपत्र अवस्थालाई साहित्यिक तथा सांस्कृतिक माध्यमबाट राष्ट्रिय बहसमा ल्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

समितिले करिब एक दशकदेखि कमला पुल निर्माण सम्पन्न गराउन स्थानीयवासीले शान्तिपूर्ण जुलुस, सडक अवरोध, घेराउ, विज्ञप्ति तथा आमरण अनसनजस्ता आन्दोलन गर्दै आए पनि समस्या समाधान हुन नसकेको जनाएको छ। निर्माण सम्पन्न भइसकेको पुल भासिएपछि पुनः निर्माण प्रक्रिया समेत अघि नबढेको स्थानीयको आरोप छ।

हुलाकी सडक सङ्घर्ष समितिका संयोजक रामरिझन यादव का अनुसार सरकारले पटक–पटक आश्वासन दिए पनि ठोस काम नगरेकाले जनदबाब सिर्जना गर्न कवि सम्मेलनमार्फत आवाज उठाउन लागिएको हो।

उनका अनुसार कमला पुल मात्र होइन, झापाको कन्काई नदी, सर्लाही–रौतहट जोड्ने बागमती नदी तथा चितवन–नवलपरासी जोड्ने नारायणी नदीका पुलहरू पनि वर्षौंदेखि निर्माण अलपत्र अवस्थामा छन्। त्यसैगरी सिरहा खण्डको सहजा खोलाको पुल पाँच वर्षदेखि अधुरो रहेको तथा धनुषा खण्डको हुलाकी सडकको अवस्था पनि दयनीय रहेको समितिको भनाइ छ।

सम्मेलनमा हुलाकी सडकले छोएका झापादेखि कञ्चनपुरसम्मका १९ जिल्लाका कविहरूलाई लिखित निमन्त्रणा गरिएको छ। साथै अन्य जिल्लाका इच्छुक कविहरूलाई पनि सहभागी हुन आह्वान गरिएको आयोजकले जनाएको छ।

सिरहा जिल्लाभित्रका विद्यालय तथा क्याम्पसहरूबाट आन्तरिक प्रतिस्पर्धामार्फत उत्कृष्ट तीन–तीन जना विद्यार्थी छनोट गरिनेछ। प्रत्येक शैक्षिक संस्थाबाट एक जना विद्यार्थीले मात्र कविता वाचन गर्ने अवसर पाउने व्यवस्था गरिएको छ।

प्रतियोगितामा प्रथम हुनेलाई ५ हजार रुपैयाँ, द्वितीयलाई ३ हजार रुपैयाँ, तृतीयलाई २ हजार रुपैयाँ तथा पाँच जना सान्त्वना विजेतालाई जनही १ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ।

## डेढ करोडको क्रिप्टो कारोबार गर्ने युवक पक्राउ

**काठमाडौँ।**
नेपाल प्रहरीले एक करोड ४८ लाख रुपैयाँ बढीको अवैध अभौतिक मुद्रा (क्रिप्टोकरेन्सी)को कारोबार गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले सामाजिक सञ्जालको प्रयोग गरी मानिसलाई विभिन्न प्रलोभन देखाइ ठगी गर्ने र सो रकमलाई अभौतिक मुद्रामा साटेर अवैध कारोबार गरेको आरोपमा भक्तपुर मध्यपुर थिमी–५ का २५ वर्षीय मुकेश प्रजापतिलाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले पक्राउ प्रजापतिले हालसम्म एक करोड ४८ लाख ७६ हजार ५ सय २७ रुपैयाँ ४६ पैसा बराबरको अभौतिक मुद्राको कारोबार गरेको अनुसन्धानमा खुलेको जानकारी दिए।

पक्राउ प्रजापतिको विभिन्न डिजिटल खातामा सात हजार ४८५ अमेरिकी डलर (नेपाली रुपैयाँ करिब ११ लाख ४१ हजार ९८३) मौज्दात रहेको फेला परेको प्रवक्ता भट्टराईले बताए। पक्राउ उनलाई जल्ला अदालत काठमाडौँबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। नेपालमा क्रिप्टोकरेन्सीको कारोबार गैरकानूनी मानिन्छ।

## उखु किसानले १३ वटा चिनी मिलबाट पाए ९२ प्रतिशत रकम



**काठमाडौँ।**
चालु आर्थिक वर्षमा १३ वटा चिनी मिलबाट ६८ हजार उखु किसानले पाउनुपर्ने कुल १३ अर्ब ७६ करोड रुपैयाँमध्ये करिब ९२ प्रतिशत रकम मिलहरूले भुक्तानी गरिसकेको सरकारले जनाएको छ।

वर्तमान सरकार गठन भएको १०० दिनका अवसरमा शनिबार सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले आयोजना गरेको पत्रकार सम्मेलनमा विगतका वर्षमा उखु किसानले भुक्तानीका लागि छ देखि आठ महिनासम्म कुर्नुपर्ने बाध्यता रहेकोमा यसवर्ष आर्थिक वर्षभित्रै रकम उपलब्ध गराउने प्रभावकारी व्यवस्था गरिएको जानकारी दिए।

सरकारका तर्फबाट दिइने प्रतिक्वीन्टल ७० रुपैयाँका दरको करिब एक अर्ब ५२ करोड रुपैयाँ अनुदान रकम सम्बन्धित निकायमा निकासा भई असार २५ भित्र किसानको खातामा जम्मा हुने क्रममा रहेको उनले बताए। बैंक खाता र प्यानजस्ता प्राविधिक विवरण नमिलेका कारण रोकिएका केही किसानहरूको बाँकी भुक्तानीसमेत तत्काल हुने व्यवस्था मिलाइएको सरकारले जारी गरेको १ सय दिनका उपलब्धि विवरणमा उल्लेख छ।

कृषि बजार सूचना प्रणाली सञ्चालन एवं चिस्यान केन्द्रका लागि बजेट व्यवस्था गरिएको छ। कृषकलाई 'स्वाइल हेल्थ कार्ड' वितरण तथा माटो परीक्षणको कार्य अघि बढाइएको छ। कृषि क्षेत्रमा लगानी प्रवद्र्धन गर्न तीन करोड रुपैयाँसम्मको कृषि कर्जामा रहेको जोखिम भारलाई ७५ प्रतिशतबाट घटाएर ६० प्रतिशत कायम गरिएको छ।

मुलुकभरका किसानहरूको आवश्यक विवरण सङ्कलन गरी विद्युतीय प्रणालीमा आबद्धता गर्न कूल २५ लाख ५८ हजार १९८ संख्यामध्ये हालसम्म सात लाख ५० हजारको प्रमाणीकरण गरिएको छ। मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न प्रभावित परिवारलाई राहत वितरणका साथै सोको अध्ययनको कामसमेत समितिले सक्रिय रूपमा गरिरहेको जनाइएको छ।

## 'हामी विरुद्ध गलत प्रचार भयो'

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी ओलीले आफू र पार्टी विरुद्ध गलत प्रचार भइरहेको बताएका छन्। ललितपुर, च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा शनिबार एमाले बागमती प्रदेशको आयोजनामा 'पार्टी जागरण अभियान' शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै उनले पार्टी सफलताका साथ अगाडि बढेको बेला गलत तवरले प्रचार आक्रमण भएको टिप्पणी गरे।

'हामीले पार्टीमा समय–समयमा ठूला धक्काहरू बेहोरेका छौँ। असफलताहरू पनि भोग्नुपरेको छ। हामीलाई रोक्न अनेक व्यवधानहरू आएका हुन्छन्, तर तिनीहरूलाई छिचोल्दै अघि बढ्छौँ,' उनले भने।

अध्यक्ष ओलीले पार्टीका कार्यकर्ताका लागि अहिले फेरि एउटा परीक्षाको घडी जस्तै अवस्था आएको उल्लेख गर्दै कार्यकर्ताको आँट र भरोसाले फेरि पार्टी उठ्ने बताए। उनले समय गतिशील र परिवर्तनशील रहेकाले पार्टी फेरि पनि उठाउने बताए।

'पार्टी सफल वा असफल हुँदा नेतृत्वको हिसाबले मैले जिम्मेवारी लिन्छु। तर पार्टीले अप्ठ्यारो परेर धक्का खायो भने अध्यक्ष एक्लैको जिम्मेवारी हुँदैन,' उनले भने, 'पार्टी विरोधीसँग मिलेर नचाहिने खालका गतिविधि गर्न उपयुक्त हुँदैन।'

कार्यक्रममा एमाले सचिव महेश बस्नेतले पार्टी जागरण अभियानबाट पार्टीलाई पुनः पहिलेकै अवस्थामा फर्काइने बताए। उनले पार्टी पुनर्गठन तत्कालका लागि नहुने स्पष्ट पार्टी जागरण अभियानबाट नै पार्टी बलियो हुने बताए।

## एक सय दिनमा नीतिगत सुधारमा अपेक्षाकृत नतिजाः मुख्यसचिव

**काठमाडौँ।**
नेपाल सरकारका मुख्यसचिव सुमनराज अर्यालले वर्तमान सरकारले एक सय दिनको अवधिमा संस्थागत र नीतिगत सुधारमा अपेक्षाकृत नतिजा हासिल गरेको बताएका छन्।

वर्तमान सरकार गठनको एक सय दिनमा सम्पादन भएका प्रमुख उपलब्धि सार्वजनिक गर्न शनिबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले सुशासन र सेवा प्रवाहमा सरलीकरण, मितव्ययिता, जवाफदेहिताका लागि आवश्यक सुधार गरेको जानकारी दिए।

मुख्यसचिव अर्यालले भने, 'सबै मन्त्रालयको समन्वय र सहकार्यमा वर्तमान सरकारले सुशासनका क्षेत्रमा पर्याप्त काम गरेको छ।'

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले संयोजन गरेको कार्यक्रममा सञ्चारकर्मीका जिज्ञासालाई सम्बोधन गर्दै विभिन्न मन्त्रालयका सचिवहरूले आआफ्नो क्षेत्रका बारेमा स्पष्ट पारेका थिए।

## नेपाल युवा उद्यमी मञ्चको अध्यक्षमा साह



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल युवा उद्यमी मञ्च (एनवाईईएफ) जनकपुर शाखाको अध्यक्षमा नवीन साह सर्वसम्मत चयन भएका छन्।मञ्चको छैटौँ वार्षिक साधारणसभाले साहको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो।

नवनिर्वाचित कार्यसमितिको प्रथम उपाध्यक्षमा दीपक शर्मा र द्वितीय उपाध्यक्षमा प्रियांशु साह चयन भएका छन्। सदस्यहरूमा सुमित गुप्ता, विशाल साह, सञ्जु नायक, जयकुमार साह, शिवरतन रौनियार, निखिल साह, युवराजकुमार साह, कञ्चन गुप्ता र काजोल शर्मा रहेका छन्।

युवा सञ्चार उद्यमी तथा व्यवसाय क्षेत्रमा सक्रिय नवीन साहलाई निवर्तमान अध्यक्ष राजीव रौनियारले औपचारिक रूपमा नेतृत्व हस्तान्तरण गरेका थिए।

पदभार ग्रहणपछि अध्यक्ष साहले युवा उद्यमशीलताको विकास, नवउद्यम प्रवद्र्धन तथा उद्यमीहरूबीच सहकार्य विस्तारलाई आफ्नो कार्यकालको प्रमुख प्राथमिकता बनाउने बताए। उनले संस्थाको गरिमा र मूल्य–मान्यतालाई कायम राख्दै उद्यमशीलतामार्फत समाज र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुऱ्याउने प्रतिबद्धता पनि व्यक्त गरे।छैटौँ वार्षिक साधारणसभामा मञ्चको राष्ट्रिय शासी परिषद्का अध्यक्ष सुदीप घिमिरे प्रमुख अतिथि रहेका थिए। कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारी, मञ्चका सल्लाहकार डा. सोनु कुमार, कानुनी सल्लाहकार अधिवक्ता सुदीप कोइराला तथा नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशका प्रतिनिधि प्रदीप दत्त विशिष्ट अतिथिका रूपमा सहभागी थिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन